# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक अध्ययन जस्तो विषय बालबालिकाको व्यवहारिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयको शिक्षणलाई शिक्षकबाट गरिने व्याख्यात्मक शिक्षणबाट निरस र अर्थहिन त गराउँछ नै अझ व्याख्याको मात्रा बढ्दै गएमा यो विषयको सिकाइप्रति विद्यार्थीको अभिरुची कम हुन्छ । त्यसैले विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग गरी यो विषयको शिक्षण गर्नु अनिवार्य भएको छ । शैक्षिक सामग्रीको सहायताले उक्त विषयको विभिन्न एकाइमा समावेश गरेका विषयवस्तुका कठिन धारणाहरूलाई प्रष्ट पार्न मद्दत पुऱ्याउनका साथै प्रस्तुतिलाई रोचक र आकर्षक बनाउन सहयोग पुऱ्याउँछ । हजार शब्दले बताउन नसक्ने कुरा एक चित्र वा ठोस वस्तुको सहायताबाट प्रष्ट पार्न सकिने हुँदा शिक्षण सिकाइ समयलाई छोट्याउन पनि शैक्षिक सामग्रीले मद्दत पुऱ्याउँछ । यो कुरा सबै विषयको शिक्षणका लागि हुन्छ । शिक्षण सामग्रीको कारणबाट बालबालिकाको सामाजिक अध्ययन विषयको सिकाइ प्रति अभिरुची बढ्ने र शैक्षिक सामग्रीको प्रयोगमा उनीहरूले देख्न सक्ने, प्रयोग गर्न सक्ने भएकोले, सिकाइ अर्थपूर्ण र दिगो हुनमा मद्दत पुऱ्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था बारेमा खोजी गर्ने प्रयत्न गरिएको छ ।

सामाजिकशास्त्र मध्येको विषयक्षेत्रबाट बालबालिकाको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयवस्तुको छनोटको रूप सामाजिक अध्ययन विषय हो । यसलाई बहुविषयक र अन्तरविषयक विषयको रूपमा चिन्न सकिन्छ । यो विषयको क्षेत्र व्यापक रहेको छ । यस सम्बन्धमा यस विषयका ज्ञाताहरू मध्ये Wesley ले विद्यालयमा मानवसँग सम्बन्धित अध्यापन गरिने विषयहरूलाई सामाजिक अध्ययनको संज्ञा दिएका छन् (शै.ज.वि.के., २०५५) ।

यसको निष्कर्षमा के भन्न सकिन्छ भने सामाजिक अध्ययन विषय मानवीय सम्बन्धवारे अध्ययन गर्ने विषय भएको र सामाजिक अध्ययनको विषयवस्तु सामाजिकशास्त्रभित्र रहेका विभिन्न विषयवस्तुहरूलाई एकिकृत रूपमा समावेश गरी तयार पारिएको हुन्छ । यसमा कुनै एउटा मात्र क्षेत्रका विषयवस्तु नभई मानविय सम्बन्धसँग प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न विषयहरूको क्षेत्रहरूलाई समायोजन गरी तयार गरिएको हुन्छ । विषयवस्तुका धारणाहरूलाई प्रष्ट पार्न विभिन्न प्रकारका सामग्रीहरूको सहायता लिनुपर्दछ ।

यस विषयको अध्ययन अध्यापनमा शिक्षकले विद्यार्थीहरूलाई नक्सा अध्ययन, अवलोकन, वर्णन, चित्राङ्कन, वर्गीकरण, क्रम मिलाउने, अर्थ्याउने, प्रयोग गर्ने, व्यवस्थि गर्ने समस्या समाधान गर्ने, अभिलेख, अनुमान र सूचना लिने दिने जस्ता ज्ञान सीपहरूको विकास

गराउन अर्थपूर्ण क्रियाकलापहरू र सामग्रीहरूको व्यवस्था मिलाउनु पर्ने हुन्छ । सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ गर्नुको मुख्य उद्देश्य विद्यार्थीहरूलाई उनीहरूको सामाजिक र भौतिक वातावरणसँग सम्बद्ध विषयवस्तु प्रतिको ज्ञान, सीप र अभिवृत्तिको सिकाइ विकास गराउन प्रयोगातमक शिक्षण प्रणालीलाई महत्त्व दिँदै विद्यार्थी स्वयम्बाट समस्याको खोज र समाधानका उपायहरू पहिल्याई आफ्नो विचार, सीप, दक्षता तथा रुचीका आधारमा व्यक्ति, परिवार समूदायको विकासप्रति आकर्षित हुन् र असल नागरिक बन्न मद्दत पुगोस् भन्ने हो । यही उद्देश्य अनुरूपको शिक्षण प्रणालीमा विषयवस्तुका आधारमा शिक्षण सिकाइ गर्दा आवश्यक पने विभिन्न प्रकारका शैक्षिक सामग्रीहरू स्थानीय वातावरणबाट खोजि गरी प्रयोगमा ल्याउनु पर्ने हुन्छ ।

आफानास्येभ (२०६७) का अनुसार “प्रकृतिका सम्पूर्ण पदार्थहरूबाट मानिसको चेतना निर्माण हुन्छ । यसरी निर्माण भएको चेतना वा ज्ञानबाट सिद्धान्तको विकास हुन्छ ।”

यसबाट के स्पष्ट हुन्छ भने प्राकृतिक वस्तुहरूलाई सिद्धान्तका आधारमा रूपान्तरण गरी आफ्ना उद्देश्य प्राप्तीका निम्ति उपयोग गरिने चिज वा वस्तुलाई सामग्री भनिन्छ । मानिसले दैनिक जीवनयापन गर्नका निम्ति विभिन्न क्रियाकलाप गर्नुपर्ने हुन्छ । क्रियाकलापलाई उपलब्धीमूलक बनाउन विभिन्न प्रकारका साधन, स्रोतहरूको आवश्यकता पर्दछ । त्यस्ता साधन स्रोत वा वस्तुलाई सामग्री भनिन्छ ।

मानिसले दैनिक जीवनयापनका निमित्त विभिन्न जीवनउपयोगी क्रियाकलापका क्षेत्रहरू निर्धारण गरेको हुन्छ । यी क्षेत्रहरूमा उपयोग गरिने सामग्रीहरू क्षेत्र अनुसार फरक फरक हुन्छन् । सामान्यतया कुनै पनि क्षेत्रका आधारमा सामग्रीहरूको नामाकरण गरिएको हुन्छ । कृषि क्षेत्रमा उपयोग गरिने सामग्रीलाई कृषि सामग्री भनिए जस्तै शैक्षिक क्षेत्रमा उपयोग हुने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक क्षेत्रअन्तर्गत पनि विभिन्न क्षेत्रहरू रहेका हुन्छन् । विभिन्न क्षेत्रहरू मध्येको विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको क्षेत्रमा उपयोग गरिने चिज वा वस्तुलाई शैक्षिक सामग्री भनिन्छ ।

कोचरका अनुसार सामान्यतया ज्ञानेन्द्रियका आधारमा शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरिने शैक्षिक सामग्रीहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

- श्रव्य सामग्री : रेडियो टेपरेकर्ड आदि ।
- दृश्य सामग्री : वास्तविक वस्तुहरू
- श्रव्य-दृश्य सामग्री : टि.भी. भिडियो, नाटक, सिनेमा

माथि उल्लेख गरिएका शैक्षिक सामग्रीहरूलाई आवश्यकताअनुसार विभिन्न विषयका विभिन्न पाठहरूमा आवश्यकता अनुसार दृश्य सामग्रीलाई स्थानीय वातावरणमा पाइने सामग्रीको रूपमा प्रयोग गर्न गराउन सकिन्छ ।

) **स्थानीय शैक्षिक सामग्रीको परिचय**

सेरिड (२०३३) का अनुसार "स्थानीय वातावरणमा पाइने सामान्य वस्तुहरूबाट निर्माण, संकलन र प्रयोग गर्न सकिने सामग्रीलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ ।"

त्यसैले कुनै पनि ठाउँ विशेषका आधारमा स्थानीय वातावरणले सहयो पुऱ्याउने, विषयवस्तुसँग मेल खाने र व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिने जुनसुकै चिज वा वस्तुलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरिन्छ भने त्यस्ता सामग्रीलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ । जुन वातावराणमा पाइने विभिन्न प्रकारका सामग्रहिरूमध्ये सामाजिक अध्ययन विषयमा प्रयोग गर्न सकिने स्थानीय शैक्षिक सामग्रीलाई निम्न प्रकारमा विभाजन गरी प्रयोग गर्न सकिन्छ :

- वातावरणमा पाइने प्राकृतिक स्थानिय शैक्षिक सामग्री,
- वातावरणमा पाइने मानवनिर्मित स्थानीय शैक्षिक सामग्री,
- वातावरणमा पाइने मानवीय स्रोतका स्थानीय शैक्षिक सामग्री,
- वातावरणमा पाईने शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्रीहरू

) **स्थानीय शैक्षिक समग्रीको विकास**

सेरिड (२०५९) का अनुसार "नेपालको सन्दर्भमा आर्थिक कठिनाइका कारणले शैक्षिक गुणस्तर अभिवृद्ध गर्न, नसकिरहेको अवस्थामा आवश्यक शैक्षिक सामग्रीलाई स्थानीय वस्तुहरूको प्रयोगद्वारा शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा विकसित गर्ने नीति रा.शि.प. २०२८ लागु भएपछि भएको पाइन्छ ।

यहि नीति अनुरूप आयतित शैक्षिक सामग्री विद्यालयको आर्थिक क्षमताभन्दा महँगो भई विषयवस्तुको माग अनुसारका सबै सामग्री उपलब्ध गराउन कठिनाई भए पछि स्थानीय शैक्षिक सामग्रीको विकास गर्ने निती तथा कार्यक्रमको विस्तार भएको छ । आर्थिक कठिनाईको कारणले शैक्षिक गुणस्तर विकास गर्न पछाडि परेको अवस्थामा, कसरी शैक्षिक स्तर उकास्न सकिन्छ भन्ने विषयको खोजी हुँदै जाँदा युनेस्को र एपिडका सदस्य राष्ट्रहरूले संचालन गरेका कार्यशालामा नेपालको पनि सहभागिता भयो । यहि सहभागिता पश्चात् स्थानीय शैक्षिक सामग्रीको विकास गर्ने रणनीति नेपालमा पनि भित्रियो । नेपालमा वि.सं. २०३३ सालदेखि स्थानीय शैक्षिक सामग्रीको विकास गर्ने ज्ञान, सीप र प्रविधिसम्बन्धी विभिन्न ठाउँमा

कार्यशालाहरू संचालन भएका छन् । ती कार्यशालाहरूबाट स्थानीय वातावरणमा उपलब्ध हुन सक्ने वस्तुहरूलाई विषयवस्तुका आधारमा तयार गर्ने ज्ञान सीप र प्रविधिको पनि विकास र प्रचार गराउन निर्देशिका तयार पारिएको छ । उक्त निर्देशिकाबाट विद्यालयलाई आवश्यक पर्ने स्थानीय शैक्षिक सामग्रीको विकास गर्ने विधिहरू र आवश्यक कच्चा पदार्थहरूको नाम र चित्र सहितको सहायक पुस्तिका तयार पारी वितरण गर्ने व्यवस्था मिलाएको छ । यसरी स्थानीय शैक्षिक सामग्रीको विकास हुँदै जाने क्रम शिक्षक तालिममा पनि विस्तार भएको छ । विषयवस्तुले दिन खोजेको ज्ञान, सीप र अभिवृत्तिलाई प्रष्ट्याउन महंगा सामग्रीबाट मात्र सम्भव नहुने अवस्था भएपछि आयातित गरेर सम्भव नहुने अवस्थामा स्थानीय शैक्षिक सामग्री प्रयोगको धारणा विकास भएको छ । हाम्रो जस्तो आर्थिक रूपमा पछाडि र भौगोलिक विकटता र ग्रामीण क्षेत्रमा नै धेरैजसो विद्यालयहरू भएको देशमा आयातित सामग्रीहरू खरिद गरी सर्वसुलभ तरिकाले विषयवस्तु अनुसारका सम्पूर्ण सामग्री जुटाउने स्थिति नहुँदा पनि स्थानीय शैक्षिक सामग्रीको विकासमा जोड दिनु पर्दछ । वर्तमान अवस्थामा पनि नेपालको शैक्षिक स्तर उकास्न प्रभावकारी साधन स्रोतको रूपमा स्थानीय शैक्षिक सामाग्रीको विकासलाई निरन्रता दिनुपर्ने आवश्यक छ । ।

## ) स्थानीय शैक्षिक सामग्रीको आवश्यकता

शैक्षिक सामग्रीको माध्यमद्वारा विद्यार्थीहरूले व्यवहारिक शिक्षा हाँसिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीलाई घोकाउने प्रवृत्ति विस्तारै हट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलब्ध गराउन जोड दिइएको छ । शैक्षिक सामग्रीको प्रयोगबाट क्रियाकलापयुक्त शिक्षण सिकाइ प्रणाली व्यवहारमा ल्याउन आवश्यक छ । सकारात्मक रूपमा शिक्षाको गुणस्तर वृद्धि र निर्माणको लागि शिक्षाको केन्द्र विन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग गर्नु अति आवश्यक हुन्छ । शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरूको मनमा चिरस्थायी रहन मद्दत पुगोस्, उनीहरू सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरुन, सिर्जनात्मक प्रतिभाको विकास गर्न सकुन, विद्यार्थीले अध्यापन क्रियकलापमा अभिरुची बढाई सोच्ने वानी बसाल्नुका साथै पठन पाठनको क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता बढन् सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीमा जोड दिनुपर्दछ । झन् स्थानीय सामग्रीको आवश्यकता त्यस धारणा अनुरूप बढी नै रहेको हुन्छ ।

## ) स्थानीय शैक्षिक सामग्रीको महत्त्व

आर्थिक तथा भौगोलिक दृष्टिले पिछडीएको हाम्रो जस्तो देशमा जहाँ धेरै विद्यालयहरू गाउँघरमा छन्, ती विद्यालयहरूमा अध्यापनसम्बन्धी धेरै समस्याहरू छन् । शैक्षिक सामग्रीको

समस्या पनि एउटा समस्या हो । यसकारण यी विद्यालयहरूमा विषयवस्तुलाई सहयोग पुग्ने स्थानीय साधन र श्रोतबाट तयार भएका सामग्री नै सबैभन्दा सरल र प्रभावकारी हुन्छन् । यदि शिक्षकले अभिरुची लिई स्थानीय स्रतमा नै जुटाउन सकिने, स्थानीय वातावरणबाट सुपथ मूल्यमा उपलब्ध गराउन सकिने शैक्षिक सामग्रीलाई नै बढी जोड दिई उपयोग गरेको खण्डमा शिक्षाको गुणात्मक विकासका साथै यस्ता शैक्षिक सामग्रीहरू विद्यार्थी र शिक्षकले आफ्नो-आफ्नो घरमा निर्माण गरी अध्ययन अध्यापन गर्न गराउन सक्छन् । स्थानीय वातावरणका सामग्रीको सदुपयोग भई पहिले खेर फालिएको सामग्रीको समेत प्रयोग हुन्छ । सस्तो भई शिक्षा कम खर्चिलो हुन्छ । शिक्षक र विद्यार्थीको चिरपरिचित सामग्री हुने हुनाले पठनपाठन प्रभावकारी हुन्छ । स्थानीय स्रोत साधनको खोजिनीति गरी शिक्षण सिकाइको आवश्कयता समाधान गर्न सहयोग पुग्दछ र विद्यार्थी आफै सिर्जनात्मक क्रियाकलापमा संलग्न भई ठोस, ज्ञान, सीप र अभिवृत्तिको विकास गर्न सक्छन् । यसरी स्थानीय शैक्षिक सामाग्रीको महत्त्व दिन प्रतिदिन बढ्दै जाने क्रम बढेको छ ।

नेपालको सन्दर्भमा स्थानीय तथा सुपथ मूल्यका शैक्षिक सामग्रीको विकास र विस्तार गर्ने कार्यको थालनी खास गरी वि.सं. २०३३ सालदेखि औपचारिक रूपमा भएको हो जुन रा.शि.प. २०२८ लागु भएपछि स्थानीय शैक्षिक सामग्रीको उपयोगलाई महत्त्व दिइएको छ । ततपश्चात् पनि स्थानीय शैक्षिक सामग्रीको आवश्यकतालाई महत्त्व राख्दै प्रा.शि. पाठ्यक्रम (२०४९) मा पनि शिक्षण सिकाइ क्रियाकलापमा विषयको प्रकृतिअनुसार स्थानीय वातावरणले सहयोग पुऱ्याउने सामग्रीहरूको संकलन निर्माण र प्रयोग गर्न निर्देशित गरेको छ । वर्तमान अवस्थासम्म पनि उक्त कार्यक्रमलाई अगाडी बढाउने उद्देश्य अनुरूपका विषयवस्तुहरू समेटी पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रम कार्यान्वयनकर्ताले त्यस्ता विषयमा अभिरुची लिई स्थानीय स्रोत र साधनको उपयोग गर्न अग्रसर भएका खण्डमा यसको महत्त्व बढेर जान्छ ।

अधिकारी (२०६४) का अनुसार "कुनै पनि विषयमा पाठ्यक्रमद्वारा निर्दिष्ट गरेको विषयवस्तुको प्रकृति अनुसारका शैक्षिक सामग्री छनोट गर्दा सामग्रीको विश्वसनियता, उपयुक्तता सान्दर्भिकता, गुणस्तरीयता, उपलब्धता र प्रयोगको अवस्थालाई ध्यान दिएर शैक्षिक सामग्रीको निर्माण गर्नुपर्दछ ।"

यसबाट के स्पष्ट हुन्छ भने शैक्षिक सामग्री विषयवस्तुसँग मेलखाने, सिद्धान्त र व्यवहार दुवैलाई सम्बोधन गर्ने, शिक्षण विधि र मूल्याङ्कनसँग मेलखाने, स्थानीय वातावरणले सहयोग गर्ने र व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिने हुनुपर्दछ जसले गुणस्तरीय सिकाइमा सहयोग पऱ्याउन सकोस । शैक्षिक सामग्रीको छनोट तथा उपलब्धता र उपयोगयोग्य बनाउनु पूर्व विषयवस्तुको राम्रो सुझवुझ, प्रयोगको अवस्था, विषयवस्तु र सामग्रीबीचको तुलना, मूल्याङ्कन प्रक्रिया, निर्देशिकाले बताएका पक्षहरू र प्रयोग गर्ने तरिका, विधि तथा व्यवस्थापन पक्षलाई समेत विशलेषण गरी चाहिएको शैक्षिक सामग्री प्रयोगमा ल्याउनु पर्दछ । यसरी

विषयवस्तुका आधारमा छनोट गरी स्थानीय वातावरणले सहयोग गर्ने, शिक्षण सिकाइका सबै पक्षमा उपयुक्त हुने सान्दर्भिक चित्र वा वस्तुहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्नु नै यसको महत्त्व हो ।

राज्यको शिक्षा प्रणालीलाई व्यवस्थित रूपमा लागू गर्न गराउन शैक्षिक प्रशासनको प्रमुख संगठनका रूपमा शिक्षा मन्त्रालय रहेको छ । शिक्षा मन्त्रालयबाट लागू गरिने निती, नियम, कार्यनिती तथा रणनीतिलाई संचालन गर्ने विभिन्न शैक्षिक प्रशासनका संगठनहरू रहेका छन् । यी संगठनहरूले शैक्षिक प्रशासनका केन्द्रविन्दुमा रहेका शैक्षिक संस्थाहरूलाई व्यवस्थित रूपमा संचालन गर्ने उत्तरदायित्व लिएका छन् । विद्यालयले संचालन गर्ने शैक्षिक प्रशासनका लागि आवश्यक निती, नियम साधन, स्रोत र प्रक्रियाहरू रहेका छन् । विद्यालयले यस्ता प्रक्रियाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गराई विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउने व्यवस्था रहेको छ । शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक पर्ने साधन स्रोत र पूर्वाधारहरू जुटाउन सम्बन्धित सबै पक्षको महत्त्वपूर्ण भूमिका रहने प्रक्रियाहरू रहेका छन् । शिक्षण सिकाइका केन्द्र विन्दुमा रहेका विद्यार्थीहरूको सिकाइ गुणस्तरीय भएमा शैक्षिक क्षेत्रमा लगाइएको लगानी प्रभावकारी रहेको छ भन्न सकिन्छ । राज्यबाट शैक्षिक क्षेत्रमा लगाइएको लगानीको प्रतिफल हेर्ने भनेको दक्ष जनशक्ति हो । दक्ष जनशक्तिको अवस्थालाई दृष्टिगत गर्ने हो भने सरकारी सामूदायिक विद्यालयको प्राथमिक तहको शैक्षिक स्तरको जग नै कमजोर छ भन्ने चर्चा सुन्न र पढ्नमा आएका छन् । यस तहको शैक्षिक गुणस्तर उकास्न राज्यका तर्फबाट पनि प्रभावकारी शैक्षिक प्रशासन नभएको गुनासो छ । आवश्यक भौतिक पूर्वाधार, नभएको, शिक्षक तालिम कक्षाकोठामा प्रकट नभएको, किताबी ज्ञानका आधारमा मात्र शिक्षण सिकाइ हुने, शैक्षिक सामाग्रीको प्रयोग न्यून रहेको, स्थानीय शैक्षिक सामग्रीको प्रयोगलाई पहिचान गरी शिक्षण सिकाइ नगरिएको जस्ता विविध समस्याहरूले सरकारी सामूदायिक विद्यालयको प्राथमिक तह आक्रान्त देखिन्छ । यी र यस्तै समस्याहरू खोज्न सामुदायिक विद्यालयको “प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था” समस्या स्थानीय शैक्षिक सामग्रीको महत्त्वलाई उल्लेख गरिएको छ ।

### १.१.१ **अध्ययन क्षेत्रको परिचय**

आधुनिक शिक्षा प्रणालीको माध्यमबाट कुनै पनि बालबालिकाहरूलाई सामाजिक र भौतिक वातावरणप्रति रुची जगाई विषयवस्तुको ज्ञान, सीप र अभिवृत्तिको विकास गराई रोजगारउन्मुख र असल नागरिक तयार पार्नु प्रमुख उद्देश्य रहेको छ । यहि उद्देश्य अनुरूप विद्यार्थी केन्द्रित, प्रयोगात्मक शिक्षण सिकाइ प्रक्रियामा सहयोग पुऱ्याउने विभिन्न शैक्षिक सामग्रीहरू मध्य स्थानीय वातावरणले सहयोग पुऱ्याउने स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था नामक शीर्षकमा यो अध्ययन गर्न खोजिएको छ ।

सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाममले स्थान लिएको सेती अञ्चलभित्र पर्ने ५ जिल्ला मध्यको सिलगढीमा सदरमुकाम भएको, एकमात्र दिपायल सिलगढी नगरपालिका रहेको जिल्ला डोटी हो । यो जिल्लाको भौगोलिक अवस्थिति महाभारतिय श्रृङ्खला १५०० मिटरदेखि माथि र हिमाली श्रृङ्खला ३१०० मिटर देखि तल बीचभागमा अवस्थित पहाडी प्रदेश हो । यो जिल्ला पूर्वमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्ला पश्चिममा बझाँङ, वैतडी र डडेल्धुरा, उत्तरमा अछाम र दक्षिणमा कैलाली जिल्लाहरूका बीचमा रहेको  छ । यस जिल्लाको सदरमुकाम सिलगढी र क्षेत्रीय सदरमुकाम राजपुर दिपायलको बीचबाट सेती नदी बहेको छ । यस जिल्लाको क्षेत्रफल २०२५ वर्गमिटर रहेको छ । यस जिल्लाको भू-बनोट डाँडाकाँडा र भिरालो ममथर भएको समिश्रण छ ।

यो जिल्ला फलाम, सोडा, अभ्रक खनिज सम्पदा, खप्तड ताल, सुनदह, भालछेडा, जोरपानी, प्रमुख तालकुण्ड झरना, खप्तड राष्ट्रिय निकुञ्ज, प्रसिद्ध वस्तु हुक्काको नली, २०० किलोवाटको सम्भुवागाड जलविद्युत र क्षेत्रीय रेडियो प्रसारण दिपायल जस्ता श्रोतबाट परिचित छ ।

प्रशासनिक विभाजन अनुसार निर्वाचन क्षेत्र २ वटा रहेका छन् भने दुवै क्षेत्रमा २५/२५ वटा गा.वि.स.हरू रहेका छन् । क्षेत्र नं. १ मा दि.सि.न.पा. रहेको छ । यो नगरपालिका १४ वटा वार्डमा विभाजित छ । दि.सि. नगरपालिका घरधुरी संख्या ४०२३, जनसंख्या ११९० पुरुष, १०८७१ महिला र जम्मा २२०६१ रहेको तथ्याङ्क छ । त्यस्तै प्रतिवर्ग क्षेत्रफल ७३.९८, प्रतिवर्ग कि.मि. जनघनत्व २९८.२० रहेको छ (श्रेष्ठ, २०६२) ।

शैक्षिक अवस्थामा साक्षरता प्रतिशत ३०, पुरुष १९ प्रतिशत, महिला ११ प्रतिशत रहेका छन् । त्यसै गरी विद्यालय संख्या ३२६, क्याम्पस १, उ.मा.वि.७, रहेका छन् (श्रेष्ठ २०६२) ।

यी माथि उल्लेखित पक्षहरूबाट परिचित डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालय संख्या ३७ मध्य नमूना छनोटमा परको ४ वटा विद्यालयको प्राथमिक तहमा मात्र “प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय सामग्री प्रयोगको अवस्था” सिमिति रहेको थियो ।

## १.२ समस्याको कथन

नेपालको शैक्षिक क्षेत्रमा यतिबेला धेरैजसो योजना, कार्यक्रम तथा सभा सम्मेलनमा सरकारी विद्यालयको शैक्षिक गुणस्तर राम्रो भएन भन्ने चर्चा प्रायः थेगो जस्तै भैसकेको छ । देशको शासन प्रणाली र योजना कार्यक्रमलाई समय सापेक्ष परिमार्जन र परिस्कृत गरी गुणस्तरीय शिक्षा बनाउन वातावरणमा उपलब्ध साधन स्रोतको खाँचो पर्दछ । उपलब्ध साधन स्रोतलाई उच्चतम उपयोग गरी अधिकाधिक व्यवहारिक ज्ञान आर्जन गर्न प्रत्येक बालबालिकाको नविन ज्ञान सीपबाट सुसज्जित हुनुपर्दछ । वर्तमान सरकारी सामुदायिक विद्यालयको शिक्षण

सिकाइ प्रणालीमा पाठ्यक्रमको मर्म अनुरूप शैक्षिक सामाग्रीको प्रयोग न्यून रहेको, शिक्षक तालिममा सिकाइएका ज्ञान, सीप र प्रयोगहरू शिक्षकबाट कक्षाकोठामा प्रकट नभएको, कितावी ज्ञानका आधारमा मात्र शिक्षक केन्द्रित विधिबाट शिक्षण सिकाइ गरिएको । शिक्षकहरूमा व्यावसायिकता, उत्तरदायित्व र इमान्दारिताको कमि रहेको जस्ता गुनासाहरू संचार माध्यमबाट प्रकट भइरहेका छन् (अन्नपूर्ण, २०६७) । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरका बारेमा यति धेरै गुनासाहरू आउनुमा शिक्षण सिकाइ प्रक्रियाको दस्तावेज, पाठ्यक्रमका विषयवस्तुका धारणा प्रस्ट्याउन के कस्तो समस्याहरू रहेका छन् भनि "प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" समस्यामा निम्नलिखित प्रश्नहरूको उत्तर खोजि गरिएको थियो :

- स्थानीय शैक्षिक सामग्री प्रयोगको बारेमा सरोकारवालाको धारणा के कस्तो छ ?
- पाठ्यक्रम अनुसारका स्थानीय शैक्षिक सामग्रीको उपलब्धता के कस्तो छ ?
- शिक्षक निर्देशिका अनुसार कसरी स्थानीय शैक्षिक सामग्रीलाई प्रयोगमा ल्याइएको ?
- प्राथमिकत तहको सामाजिक अध्ययन विषयमा स्थानीय वातावरणमा पाइने स्थानिय शैक्षिक सामग्री प्रयोगको स्थिति के कस्तो छ ?
- शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्माण गरिने स्थानीय शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?
- स्थानीय शैक्षिक सामग्री व्यवस्थापन के कस्तो छ ?
- स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू के के छन् ?
- स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा समस्या भए अपनाइएका समाधानका उपायहरू के के हुन् ?

## १.३ अध्ययनको औचित्य/महत्त्व

महत्त्व नभएको अनुसन्धानले कुनै पनि क्षेत्रमा सहयोग पुऱ्याउन सक्दैन् । प्राथमिक तहको सामाजिक विषयको पाठ्यक्रममा बालबालिकाको चौतर्फी विकास गर्ने विषयवस्तुहरू समावेश गरिएको छ । ती विषयवस्तुको धारणा स्पष्ट पार्न स्थानीय शैक्षिक सामाग्री प्रयोगलाई महत्त्व दिएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरका सम्बन्धमा सुन्न र पढ्नमा आएका समाचारहरूमा शिक्षणमा शिक्षकले पाठ्यपुस्तकको मात्र प्रयोग गरी पढाउँदा शैक्षिक गुणस्तर कमजोर भएको हो । विषयवस्तु अर्थ्याउन वा प्रष्ट्याउन पाठ्यपुस्तक मात्र प्रयाप्त शैक्षिक सामग्री होइन । त्यसका लागि स्थानीय शैक्षिक सामग्रीका प्रयोगले शिक्षण सिकाइलाई स्पष्ट पार्नु पर्दछ । शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन आवश्यक पर्ने साधन स्रोतको

व्यवस्थापन गरी शिक्षण गर्नु शिक्षणकर्ताको दायित्व हो । यसका लागि शिक्षण सिकाइसँग सम्बन्धित ज्ञान, सीप, धारणा शिक्षकमा हुनुपर्दछ । शिक्षकलाई प्रदान गरिएको तालिम कक्षाकोठाको शिक्षण सिकाइमा प्रकट हुनुपर्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुलाई उपयुक्त शैक्षिक सामग्रीको चयन गरी अध्यापन गराउने र स्थानीय शैक्षिक सामग्रीको खोजी गरी शिक्षण सिकाइलाई सर्वसुलभ बनाउने जस्ता प्रभावकारी काम एउटा योग्य शिक्षकको कर्तव्य भित्र पर्दछ । अनिमात्र सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर भविष्यमा सुन्दर सफल बन्दै जाने आषा गर्न सकिन्छ । यही आषाका साथ यस अध्ययनको महत्त्व निम्न रहेको छ ।

- अनुसन्धानकर्ताबाट अगाडि सारेको अध्ययनको समस्याबाट शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न पक्षहरूलाई सहयोग पुग्ने आषा गरिन्छ । जस्तै शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्न विद्यालय प्रशासनलाई । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकलाई । स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने प्रविधि कार्यान्वयनमा ल्याउन योजनाकारलाई । स्थानीय सामग्रीको संकल, निर्माण र प्रयोगमा विद्यार्थीहरूको पनि संलग्नता गराउन विद्यार्थीलाई । र शिक्षण सिकाइका लागि आवश्यक व्यवस्थापन गर्ने पक्ष व्यवस्था पनि समितिलाई समेत सहयोग पुग्ने छ ।
- स्थानीय शैक्षिक सामाग्रीको प्रयोगको अवस्थाबारे जानकारी हुनेछ ।
- स्थानीय शैक्षिक सामाग्री प्रयोगको महत्त्वबारे जानकारी हुने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था खोजी गर्न निम्नलिखित विशिष्ट उद्देश्यहरू रहका थिए :

- स्थानीय शैक्षिक सामग्री प्रयोगको बारेमा सरोकारवालाहरूको धारणाको लेखाजोखा गर्नु ।
- प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था पहिचान गर्नु ।
- प्रयोगसम्बन्धी समस्यामा र अपनाइएका समाधानका उपायहरू पत्ता लगाउनु

## १.५ अध्ययनको सीमा

अध्ययन अनुसन्धान सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गर्नुपर्दछ । यसको निम्ति अध्ययन कार्यको थालनी गर्नुभन्दा अगाडि नै सीमा निर्धारण गरिन्छ ।

"प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" अध्ययन, समय, साधन, स्रोत र अर्थ अभावका कारणले गर्दा डोटी जिल्लाका सामुदायिक विद्यालयहरूमध्ये आफूलाई पायक पर्ने दिपायल सिलगढी नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरू माथि सीमित राखिएको थियो ।

- यो अध्ययनको क्षेत्र सेती अञ्चलको डोटी जिल्ला क्षेत्र नं. १ दिपायल सिलगढी नगरपालिका भित्रका ३७ वटा मध्ये ४ वटा सामुदायिक विद्यालयहरूमा सीमति गरिएको थियो ।
- प्राथमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा राखिएका विषयवस्तुमा सीमित गरिएको थियो ।
- वातावरणम पाइने प्राकृतिक, मानव निर्मित, मानवीय स्रोत र शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्माण गरिएका स्थानिय शैक्षिक सामग्रीको प्रयोगको अवस्था, समस्या र समाधानका उपायहरूमा मात्र सिमित गरिएको थियो ।
- यो अध्ययन प्राथमिक तहको कक्षा ५ मात्र सीमित गरिएको थियो ।
- प्र.अ.का लागि खुला प्रश्नावली शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली विद्यार्थीहरूका लागि लक्षित समूह छलफल र अवलोकन फाराम प्रयोग गरी सूचना तथा तथ्याङ्कहरू संकलन गरिएका थिए ।

## १.६ परिभाषिक शब्दावली

स्थानीय शैक्षिक सामग्री : विद्यालय सेवा क्षेत्रभित्र रहेका वातावरणीय, वातावरणमा पाइने मानव निर्मित, शिक्षकबाट बनाउन सकिने, विद्यार्थीलाई बनाउन लगाउने सामग्रीहरूलाई लिइएको छ ।

वातावरणीय : माटो, ढुङ्गा, चट्टान, नदी, वनस्पति, पहाड आदि ।

वातावरणमा पाइने मानवनिर्मित : अस्पता, हुलाक, सरकारी तथा गैर सरकारी संघसंस्था, यातायातका साधन, मन्दिर, मठ, चर्च, मस्जित, गुम्वा, स्तुप, सार्वजनिक पर्व, मेला, समारोह आदि ।

अपनाइने समाधानका उपायहरू : सामाजिक विषयको विषयवस्तुलाई अर्थ्याउन प्रयोग गरिने स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू समाधान गर्न अपनाएका उपायहरू भन्ने बुझिन्छ ।

प्रयोगको अवस्था : विषयवस्तुको कठिनाईलाई स्पष्ट पार्न शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र विद्यार्थीहरूले प्रयोग गरेका स्थानीय शैक्षिक सामग्रीहरूको अध्ययनबाट पत्ता लागेका सामग्रीहरूको अवस्था भन्ने बुझिन्छ ।

सरोकारवाला : प्र.अ., शिक्षक र विद्यार्थीहरूलाई लिइएको छ ।

# अध्याय दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यवहारिक र वैज्ञानिक बनाउनका लागि साहित्यको पुनरावलोकन अति आवश्यक पक्ष हो । अध्ययन नयाँ होस नदोहोरियोस भन्नका लागि साहित्यको समिक्षा गरिन्छ । यस अध्ययनमा "प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" समस्याभित्र स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था, प्रयोगसम्बन्धी देखिएका समस्या र अपनाइएका समाधानका उपायहरूसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

### ) व्यवहारवादी सिकाइ सिद्धान्त

व्यवहारहरूका बारेमा अध्ययन गर्ने "School of Pshchology" लाई व्यवहारवादी मनोविज्ञान भनिन्छ । यस समूहमा काम गर्ने मनोवैज्ञनिकहरूलाई व्यवहारवादी मनोवैज्ञानिक भनिन्छ । यस सिद्धान्तले प्राणीको व्यवहारका बारेमा अधययन गर्दछ । यस सिद्धान्तका सुत्रपातका अग्रणी व्यक्ति मनोवैज्ञानिक जे.वि. वाटसन (J.B. Watson) लाई मानिन्छ । उनले मानिसलाई विशेष उत्तेजनामा प्रतिक्रया देखाउने यान्त्रिक प्राणीका रूपमा लिएका छन् । मानिसका बाह्य व्यवहारमा देखापर्ने संवेगहरू, विचारहरू र क्रियाकलापहरूका आधारमा मानवीय व्यवहारको व्याख्या र विश्लेषण गरेका छन् । त्यसैले यस समूहका मनोवैज्ञानिकहरूलाई मानवीय यान्त्रिक निर्माणका मात्र व्यवहार निर्माण गर्ने समूह भन्ने गरेको पाइन्छ । वाटसनले प्राणीका व्यवहार निर्माणका साथसाथै प्रयोगमा समेत जोड दिएका छन् । यस समूहले नयाँ धारणा दिन सफलता प्राप्त गरेका छन् । यसमा प्राणीका व्यवहारको अध्ययन गरी त्यही आधारमा मानवीय व्यवहारको व्याख्या विश्लेषण गर्नु सक्नु हो भनिएको छ (शर्मा एण्ड शर्मा, २०६४) ।

यसरी माथि उल्लेखित व्यवहारवादी सिकाइको धारणाले प्राणीका व्यवहार निर्माणका साथसाथै प्रयोगमा जोड दिइ नयाँ धारणाको निर्माण गर्दछ । प्राथमिक तहको सामाजिक अध्ययन विषयको ज्ञान, सीप, व्यवहार निर्माण गर्न र नयाँ धारणा दिने कुरा पनि चिज वा वस्तुको प्रयोग गर्न आवश्यक पर्दछ । त्यस्ता आवश्यक पर्ने चिज, वस्तुहरू स्थानीय वातावरणमा पाइन्छन् । जुन शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरी बालबालिकाको व्यवहार निर्माण गर्न सकिन्छ । त्यस्ता व्यवहार निर्माण गर्ने शैक्षिक सामग्रीहरू स्थानीय स्तरबाट जुटाउन सकिन्छ । यसरी व्यवहार निर्माण गर्ने र नयाँ धारणा दिने सामग्रीहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्नु पर्दछ । विषयवस्तुको सैद्धान्तिक ज्ञानले मात्र व्यवहार निर्माण र नयाँ धारणा दिन

कठीन पर्दछ, जुन कठिनाइलाई स्थानीय वातावरणमा पाइने विभिन्न प्रकारका शैक्षिक सामग्रीहरूको प्रति रूपले सिकाइ प्रभावकारी बनाउन सकिन्छ ।

व्यवहारवादी सिकाइ सिद्धान्तलाई विकास गर्दै अगाडी बढाउने मनोवैज्ञानिक मध्येका मनोवैज्ञानिक इ.एल. थर्नडाइक (१९३२) ले "प्रभावको नियमको कक्षाकोठामा प्रयोग सिद्धान्तबाट "शिक्षण सिकाइमा नयाँ नयाँ शैक्षिक सामग्रीको प्रयोग विविध प्रकारणबाट गर्नुपर्दछ ।"

विद्यार्थीहरूको सिर्जनात्मकताको विकास गर्न नयाँ नयाँ शैक्षिक सामग्री र विधिद्वारा प्रेरणायुक्त क्रियाकलापको विकास तथा सिकाइ प्रतिको जागरणमा शिक्षण सिकाइ गर्नुपर्दछ । शिक्षण सिकाइ प्रक्रियामा शिक्षकले पाठ्यपुस्तकमा दिइएका विषयवस्तुलाई पढेर आवाज मार्फत विद्यार्थीको मस्तिष्कमा सूचना कोच्ने मात्र कामले सिकाइ प्रभावकारी रूपमा वोध हुन सक्दैन । त्यसैले विषयवस्तुका आधारमा सिकाइका लागि चाहिने सामग्रीहरूको उपलब्धता र उपयोग हुन आवश्यक हुन्छ । जुन सामग्री विद्यार्थी स्वयम्ले प्रयोग गर्न निर्माण गर्न सक्ने र स्थानीय वातावरणले सहयोग पुऱ्याउने हुनुपर्दछ ।

प्रगतिवाद (Progressivem) यो व्यवहारवादी सिकाइ सिद्धान्तमा आधारित छ । यसमा शिक्षकलाई पथप्रदर्शकको रूपमा लिइन्छ । यस वादअनुसार शिक्षकले बालकलाई समस्याको वातावरण तयार गरी समाधानका लागि प्रेरित गर्नु हो । विद्यार्थीको मस्तिष्कलाई यसप्रकारबाट प्रशिक्षित गर्न सक्नुपर्दछ । जसले गर्दा उसले स्वयम् समस्यको खोजी गर्न सकोस् । तसर्थ यसबाद अनुसार विद्यार्थी स्वयमलाई समस्या समाधान गर्न वातावरण सिर्जना गर्ने प्रेरणा गर्ने, सामग्रीको आवश्यक पर्दछ (शर्मा एण्ड शर्मा, २०६६) ।

यसकारण माथिको धारणाबाट बालबालिकको सिकाई जान्नका लागि मात्र नभई गर्नका लागि हुनुपर्दछ । उनिहरूलाई समस्याको वातावरण तयार गरी आफै समस्या समाधान गर्न सक्ने सीपको विकास गराउर्ने सक्नु पर्दछ । शिक्षक सहयोगीको रूपमा मात्र रहनु पर्दछन् । उपयुक्त शिक्षण सिकाइको वातावरण तयार गरिदिनु पर्दछ । विषयवस्तु अनुसारका आवश्यक पर्ने शैक्षिक सामग्रीहरू जुटाएर शिक्षण क्रियाकलापमा विद्यार्थीलाई प्रयोग गर्न सक्ने वातावरण मिलाई समस्या समाधान गर्न जोड दिनुपर्दछ । यस प्रकारको क्रियाकलापमा चाहिने शैक्षिक सामग्री आयातित गरेर मात्र सम्भव नहुने र अर्कोतर्फ स्थानीय शैक्षिक सामग्री बालबालिकाको व्यवहार निर्माण गर्न र नयाँ धारणाको विकास गर्न सरल हुने भएकोले सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगलाई जोड दिनुपर्दछ ।

पियाजेको सिद्धान्त अनुसार कुनै पनि सिक्ने प्रक्रिया बालकलाई उपयुक्त वातावरण र स्वतन्त्रताको आवश्यकता हुन्छ । हाल हाम्रो प्राथमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले यिनै कुरालाई आधारमा मानेको छ । संक्षेपमा भन्नुपर्दा उनका अनुसार "Knowledge comes from action" (ज्ञान क्रियाकलापबाट प्राप्त हुन्छ) अर्थात् ज्ञानका लागि

क्रियाकलाप अति अवाश्यक हुन्छ भने क्रियाकलापका लागि विभिन्न सामग्रीहरूको आवश्यक पर्दछ (Hurlock, 1997)।

माथिको भनाइबाट के स्पष्ट हुन्छ भने बालबालिकाको सिकाइ विकास गराउन उपयुक्त वातावरण र स्वतन्त्रताको आवश्यकता पर्दछ । जुन वातावरणमा बालबालिकाहरूले स्वतन्त्ररूपमा क्रियाकलाप गर्न सक्नुपर्दछ । क्रियाकलाप गराउन आवश्यक पर्ने सामग्रीहरूको अभावमा सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसैले स्थानयि वातावरणमा उपलब्ध हुने, विषय वस्तुलाई सहयोग पुऱ्याउने र विषयवस्तुका धारणा अनुसार बालबालिकाको व्यवहार निर्माण गर्न सक्नुपर्दछ । त्यस्ता व्यवहार निर्माण गर्न र शैक्षिक सामग्रीको प्रयोग गरी प्राथमिक तहको सामाजिक अध्ययन विषयको उपलब्धी विद्यार्थीहरूलाई प्रदान गर्न सकिन्छ ।

## २.२ नीतिगत साहित्यको समीक्षा

शिक्षा राष्ट्रिय विकासका निम्ति योजनागत रूपमा औपचारिक भएपछि शिक्षा प्रणालीमा हुँदै आएका परिवर्तनहरूमा विभिन्न राष्ट्रिय शिक्षा योजना आयोगका प्रतिवेदनहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । राष्ट्रिय शिक्षा योजना आयोग (२०११) लागू भए पश्चात् शैक्षिक प्रणालीको विकास गर्ने क्रम निरन्तर अघि बढीरहेको छ । यो क्रम हिजो आज भोली निरन्तर रहिरहने प्रक्रिया हो । समय परिस्थितिको आवश्यकता अनुसार यस्ता परिवर्तन भइरहन्छन् । यही परिवर्तनको दौडसँग शैक्षिक परिवर्तनहरू चलिरहन्छन् । नेपालको सन्दर्भमा हेर्ने हो भने शैक्षिक विकासका लागि आमूल परिवर्तन ल्याउने कार्यक्रम सहित अगाडि बढेको योजना, राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लाई लिइएको छ । यसै योजनाको कार्यान्वयनबाट शिक्षा प्रणालीमा लागू गरिएका कार्यक्रम तथा रणनीतिहरू वर्तमान अवस्थासम्म आइपुग्दा पनि अनुकरणीय रहेका छन् ।

राष्ट्रिय शिक्षा पद्दति योजनाबाट थालनी गरिएको व्यवस्थित पाठ्यक्रम, शिक्षक तालिम, शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ जस्ता पक्षहरू महत्त्वपूर्ण रहेका पाइन्छन् । यी पक्षहरू मध्यको शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई प्रभावकारी बनाउने रणनीति वर्तमान अवस्थासम्म पनि समय सापेक्ष नै रहेको पाइन्छ । सैद्धान्तिक रूपमा तत्पश्चात् बनेका आयोग, प्रतिवेदन पाठ्यक्रम र शिक्षक तालिमका नितीहरूमा पनि शिक्षण सिकाइ क्रियाकलापमा विषयवस्तुलाई अर्थ्याउन र प्रष्ट्याउन सम्भावित वाटाहरूको खोजी भएको पाइन्छ । यस्ता खोजी हुँदै जाँदा २०३३ सालदेखि स्थानीय शैक्षिक सामग्रीको अवधारणालाई अगाडि बढ्ने शिक्षक र विद्यार्थीहरूको संयुक्त प्रयासमा वातावरणमा पाइने स्थानीय शैक्षिक सामग्रीहरू अर्थपूर्ण सिकाइलाई सहयोग पुऱ्याउने लक्ष्यका साथ लागु भएको पाइन्छ (प्रा.शि.पा. २०४९, प्रा.शि.पा. २०६४) ।

यसकारण माथि उलेखित शिक्षा प्रणालीको नितीप्रक्रियामा पनि प्रभावकारी सिकाइका लागि साधन श्रोत र उपयुक्त वातावरणको आवश्यकतालाई प्राथमिकता दिइएको छ । यस आवश्यकता अनुसारको व्यवस्थापन गर्ने गराउने पक्षहरूमा भने कहि न कहि कमीकमजोरी नै रहेको छ । वर्तमान विश्व परिवशेसँग सम्बन्धित सबै पक्षसँग शैक्षिक गुणस्तरको भूमिका रहेको हुन्छ । शैक्षिक गुणस्तरले सुसज्जित नागरिक नै राष्ट्रको खुद आम्दानी हुन सक्छ । यस्ता नागरिक उत्पादन गर्ने थलोलाई सक्रिय भूमिका निभाउन आवश्यक छ । शिक्षाको केन्द्रविन्दुमा रहेका बालबालिकाको सिकाइ बढी व्यवहारिक, जीवनउपयोगी बनाउन कुनै पनि विषयवस्तुले दिन खोजेको ज्ञान, सीप र अभिवृत्तिलाई प्रयोगात्मक ढंगबाट प्रस्तुत गर्न सकेको खण्डमा त्यो प्रभावकारी हुन्छ भन्ने कुरा शिक्षकको सक्रिय व्यवहरहरूबाट स्पष्ट हुन्छ । त्यसैले प्राथमिक तहका वालबालिकाहरूको सिकाइलाई प्रभावकारी बनाउन विषयअनुसारका स्थानीय वतावरणमा उपलब्ध हुने स्थानीय शैक्षिक सामग्रीहरू उपयोगमा ल्याउन आवश्यक छ ।

## २.३ सम्बन्धित साहित्यहरूको पुनरावलोकन

सेरिड (२०५९) विकासका निम्ति शिक्षा (शैक्षिक सामग्री र शिक्षा सम्बन्धी लेखहरूको संगालो) मा राष्ट्रिय तथा उपप्रदेशीय कार्यशाला गोष्ठीले सिफारिस गरेका प्रविधि र तयार भएका प्रतिवेदनका आधारमा नेपालमा पनि स्थानीय स्रोतबाट शैक्षिक सामग्रीको विकास गर्न काठमाडौं जिल्ला अन्तर्गत सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षक, वि.नि. र जि.शि.अ. हरूलाई र कास्की जिल्ला अन्तर्गत सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षक र वि.नि. र जि.शि.अ.लाई समावेश गरी कार्यशाला गोष्टि सम्पन्न गरिएको थियो । उक्त कार्यशाला गोष्टिले सिफारिस गरेका प्रविधि सहितको सहायक पुस्तिका र प्रतिवेदनमा पाठ्यक्रम विषयवस्तुका आधारमा स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्ने ज्ञान सीप मार्फत शिक्षकमा पुऱ्याई गुणस्तरीय शिक्षाका लागि स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने सुझाव दिएको छ । साथै पाठ्यपुस्तकको भरमा मात्र शिक्षण सिकाइ गर्ने परानो विधिलाई अन्त्य गर्दै लैजाने उद्देश्य लिइएको छ ।

यसबाट के पुष्टि हुन्छ भने प्राथमिक तहका विद्यालयका शिक्षकहरूमा स्थानीय स्रोतबाट उपलब्ध कच्चापदार्थबाट विषयवस्तुका आधारमा चाहिएको सामग्री आफैले छानी तिनलाई उपयोगी शैक्षिक सामग्रीमा परिवर्तन गर्ने व्यवहारिक ज्ञान सीप भएमा स्थानीय स्रोत साधनको उपयुक्त प्रयोग हुन सक्दछ । त्यसैले शिक्षकलाई स्थानीय शैक्षिक सामग्री निर्माण प्रयोग सम्बन्धी प्रयाप्त ज्ञान, सीप विकास गराई स्थानीय शैक्षिक सामग्रीको विकास र विस्तारमा जोड दिनुपर्छ ।

तामाङ (२०६५), "प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकता पहिचान मा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकता पहिचान गर्न खोटाङ जिल्लाको

शैक्षणिक आवश्यकता पहिचान गर्न खोटाङ जिल्लाको सामूदायिक विद्यालयको प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा कक्षा अवलोकन, अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको आधारमा दिइएको सुझाव अनुसार पाठ्यपुस्तकका भरमा मात्र शिक्षण भएकोले विषयवस्तु अनुसारका शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने, स्थानीय शैक्षिक सामग्रीहरूलाई शिक्षण सिकाइमा ल्याउनुपर्ने उल्लेख गरिएको छ ।"


यसबाट के स्पष्ट हुन्छ भने प्राथमिक तहको सामाजिक अधययन विषयले व्यक्ति, परिवार, छरछिमेक समूदाय राष्ट्र र अन्तर्राष्ट्रिय स्तर सम्म मानवीय व्यवहारका क्रियाकलापहरू गर्नुपर्ने हुँदा त्यसका लागि बालबालिकालाई विषयवस्तुले दिन खोजेको धारणालाई व्यवहारिक जीवनउपयोगी तथा प्रयोगात्मक रूपमा प्रयोग गर्न आवश्यक हुन्छ । यी व्यवहारिक र प्रयोगात्मक पक्षमा व्यक्तिलाई सक्षम बनाउन स्रोत र साधनहरूको आवश्यकता पर्दछ । त्यस्ता स्रोत र साधनहरू स्थानीय स्तरबाटै पहिचान हुन सक्यो भने स्थानीय शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ कार्यलाई सहयोग पुऱ्याउँदछ ।

पौडेल (२०६३) "प्राथमिक विद्यालयका शिक्षकको पेशागत दक्षता एक अध्ययन" मा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूबीच शिक्षण सिकाइको भिन्नता छुट्टयाउने उद्देश्य राखि कास्की जिल्ला लेखनाथ नगरपालिका भित्रका सामुदायिक विद्यालयको अध्ययन पश्चात तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरूको शिक्षणमा शैक्षिक सामग्री प्रयोग गरेर पढाउने नीति अनुरूप कुनै भिन्नता पाइएन । शिक्षणमा विषयवस्तु अनुसारका शैक्षिक सामग्रीहरू प्रयोग गरी दुवै समूहका शिक्षकहरूले शिक्षण गरेको पाइएन । त्यस्तै शैक्षिक सामग्रीहरूमा दैनिक प्रयोगका सामग्रीहरूबाहेक थप शैक्षिक सामग्रीहरू प्रयोग गरी विषयवस्तुको धारणालाई स्पष्ट पार्ने तर्फ शिक्षक आफै असक्षम देखिएको कुरा उल्लेख गरिएको छ ।

यसबाट के स्पष्ट हुन्छ भने प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा विषयवस्तु अनुसार स्थानीय वातावरणमा पाइने विभिन्न प्रकारका शैक्षिक सामग्रीहरूलाई प्रयोगमा ल्याउने प्रयत्न गरिएको छैन । सिकाइलाई सहि गतिमा पुऱ्याउन, व्यवहारिक ज्ञान र जीवनउपयोगी सीप प्रदान गर्न कुनै पनि सामग्रीहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अझै शिक्षण सिकाइ कार्यमा त यसको उपयोग अति नै महत्त्वपूर्ण हुन्छ । शैक्षिक गुणस्तरले गति प्राप्त गर्न नसकिरहेको हाम्रो जस्तो देशमा स्थानीय स्रोतको परिचालन गरी शिक्षण सिकाइ प्रक्रियालाई गति प्रदान गर्न सक्नु आजको चुनौती हो भन्ने कुरालाई जोड दिइएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

यस अध्ययनमा अनुसन्धानकर्ताले अगाडि सारेको अध्ययनको समस्या प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको सम्भाव्यतामा वातावरणमा पाइने स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था, प्रयोगसम्बन्धी समस्या र अपनाईएका समाधानका उपायहरू पत्ता लगाउन र स्थानीय वातावरणले सहयोग पुऱ्याउने सम्भावित सामग्रीहरू के कस्ता रहेका छन् ? भनि निम्नानुसारको ढाँचामा देखाइएको छ ।




माथि उल्लेखित अवधारणात्मक ढाँचमा प्रस्तुत गरिएको "प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीसँग सम्बन्धित रही सरोकारवालाको धारणा र चार प्रकारका स्थानीय शैक्षिक सामग्रीहरु :- वातावरणमा पाइने प्राकृतिक, मानवनिर्मित, मानवीय श्रोत, शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित सामग्रीहरूमा स्थानीय शैक्षिक सागम्री प्रयोगको अवस्था, स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी समस्या र ती समस्याहरू समाधान गर्न अपनाइएका उपायहरूमा केन्द्रित गरिएको छ । शिक्षण सिकाइ प्रक्रियामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगले विषयवस्तुको कठिनाइलाई अर्थपूर्ण सिकाइ गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यताका आधारमा व्यवहारिक सिकाइ सिद्धान्तलाई यस ढाँचाको प्रयोगमा जोड दिइएको छ ।

# अध्याय तीन
# अध्ययन विधि

कुनै पनि अनुसन्धानका लागि योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना तथा तयारी विना गरिने अध्ययन कार्यहरू निश्चित लक्ष्यमा पुग्न सक्दैनन् । त्यसैले यस अधययनको समस्यालाई निश्चित लक्ष्यसम्म पुऱ्याउन निम्न अनुसनधान ढाँचा अपनाइएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

यसमा जुन तरिकाबाट अध्ययन सम्पन्न गरिएको थियो वा तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने तथा निष्कर्षमा पुग्नका लागि जुन विधि तथा पद्दति अपनाइएको थियो ती विषयहरूको बारेमा सविस्तार उल्लेख गरिएको छ ।

शैक्षिक अनुसन्धान ढाँचाको वर्णनात्मक तथा अप्रयोगात्मक ढाँचाको आधारमा उद्देश्य अनुरूपका सूचनाहरू संकलन गरिएको थियो । सूचनाका स्रोतहरू शीक्षक, विद्यार्थी, प्र.अ. र स्थलगत क्षेत्रलाई लिइएको थियो भने साधनहरूमा अन्तर्वार्ता प्रश्नावली, खुल्ला प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, अवलोकन फारामद्वारा प्राथमिक तथा द्वितिय तथ्याङ्क संकलन गरी "प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री सम्बन्धी धारणा, प्रयोगको अवस्था र अपनाइएको समाधानका उपायहरूको बारेमा सत्य तथ्य सिद्धान्त तथा विचार धारणाहरूबाट सूचनाहरू संकलन गरिएको थियो ।

## ३.२ नमूना जनसंख्या छनोट विधि

यस अध्ययनमा सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा निम्नानुसार नमुना जनसंख्याहरू छनोट गरिएको थियो ।

## ३.३ क्षेत्र छनोट

यस अध्ययनको उद्देश्य प्राप्तीका निम्ति डोटी जिल्ला क्षेत्र नं. १ दिपायल सिलगढी नगरपालिका भित्र पर्ने ३७ वटा पर्ने सामुदायिक विद्यालयहरूलाई सम्भावनायुक्त नमुना छनोट विधिबाट वार्ड नं. ४ र ५ मा पर्ने ४ वटा विद्यालयहरू श्री बालमन्दिर प्रा.वि., शिलगढी, श्री शैलेश्वरी प्रा.वि., खलङ्गा, शारदा प्रा.वि., ईन्द्रचोक, तेडी प्रा.वि., लेकठाटा छनोट गरिएको थियो । प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था के कस्तो छ भनी गोलाप्रथा नमुना छनौट प्रक्रियाको आधारमा अध्ययन क्षेत्र छनौट गरिएको थियो ।

### ३.३.१ विद्यालय छनोट

डोटी जिल्ला दिपायल सिलगढी नगरपालिको कार्यालयबाट नगरपालिका भित्र पर्ने सरकारी विद्यालयहरूको संख्या लिई ४ वटा विद्यालयहरू छनोट गरी प्राथमिक तहलाई स्वत अध्ययनमा लिइएको थियो ।

### ३.३.२ शिक्षक छनोट

अध्ययनको विषयसँग सम्बन्धित सूचनाहरू संकलन गर्न छनोटमा परेका विद्यालयका प्राथमिक तहका कक्षा ५ का सबै सामाजिक विषय अध्यापन गराउने शिक्षक र उक्त विद्यालयका प्र.अ.लाई स्वतः छनोट गरिएको थियो (अनुसूची ५ मा हेर्नुहोस्) ।

### ३.३.३ विद्यार्थी छनोट

नमुना छनोटमा परेका विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूमध्ये गोलाप्रथाबाट जम्मा १० जना (छात्र-५, छात्रा-५) विद्यार्थीहरू प्रत्येक विद्यालयबाट छनोट गरिएको थियो (अनुसूची ६ मा हेर्नुहोस्) ।

## ३.४ सूचना सङ्कलनका साधनहरू

अध्ययनको समस्यासँग सम्बन्धित सूचना संकलन गर्न नमूना छनोटमा परेको जनसंख्यासँग अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल र अवलोकन फाराम आदि साधनको प्रयोग गरिएको थियो ।

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

प्राथमिक शिक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था, धारणा र प्रयोगसम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरूसम्बन्धी धारणाहरू पत्ता लगाउन शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी सूचना संकलन गरिएको थियो (अनुसूची १ मा हेर्नुहोस्) ।

### ३.४.२ लक्षित समूह छलफल निर्देशिका

स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था सम्बन्धी धारणा बुझ्न विद्यार्थीहरूका लागि लक्षित समूह छलफल निर्देशिका प्रयोग गरी सूचनाहरू लिइएको थियो (अनुसूची ४ मा हेर्नुहोस) ।

### ३.४.३ खुला प्रश्नावली

स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था, प्रयोगसम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरूसम्बन्धी धारणा तथा अवस्था पत्ता लगाउन प्र.अ.का लागि खुला प्रश्नावली प्रयोग गरी सूचना लिइएको थियो (अनुसूची ३ मा हेर्नुहोस्) ।

### ३.४.४ अवलोकन फाराम

स्थानीय शैक्षिक सामग्रीको प्रयोगको अवस्था र प्रयोगसम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरूसम्बन्धीको अवस्था पत्ता लगाउन अवलोकन फाराम प्रयोग गरी सूचना संकलन गरिएको थियो (अनुसूची २ मा हेर्नुहोस्) ।

## ३.५ साधनको वैधता

अध्ययन विषयको उद्देश्यसँग सम्बन्धित सूचनाहरू संकलन गर्न तयार गरिएका साधनहरू अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका खुला प्रश्नावली र अवलोकन फारामलाई सहपाटी साथीहरूबीच छलफल गरी शोधनिर्देशकको राय, सल्लाह, सुझाव अनुसार अन्तिम रूप दिई वैधता प्राप्त गरेपछि सूचना संकलनमा प्रयोग गरिएको थियो ।

## ३.६ सूचना संकलन प्रक्रिया

सत्य तथ्य सूचना प्राप्तीको निमित्त सूचना संकलन प्रक्रियामा विचार पुऱ्याउनु पर्दछ । यस अध्ययन कार्यमा सूचना संकलनका लागि अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरिएको थियो । सूचना संकलन सहयोगका निम्ति क्याम्पसबाट सिफारिस पत्र लिइ नमुना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्र.अ. लाई भेटेर आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अधययन गर्ने अनुमति र सहयोग लिइएको थियो । सूचनादाताहरूसँग सुमधुर सम्बन्ध कायम गरी सूचना संकलनका लागि क्षेत्र नोटको प्रयोग गरिएको थियो ।

यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि नमूना छनोटमा परेका प्रत्येक विद्यालयका शिक्षकहरूका लागि तयार पारिएको अन्तर्वार्ता प्रश्नावली अनुसूचीको माध्यमबाट स्थानीय शैक्षिक सामग्री सम्बन्धी धारणा, सामग्री प्रयोगको अवस्था र प्रयोग सम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरू सम्बन्धी सूचनाहरू प्राप्त गरिएको थियो । प्रधानाध्यापकका लागि तयार गरिएको खुला प्रश्नावली भराई, स्थानीय शैक्षिक सामग्रीको र धारणा प्रयोग, समस्या र समाधानका उपायहरू सम्बन्धी सूचनाहरू संकलन गरिएको थियो ।

नमुना छनोटमा परेका विद्यालयको प्राथमिक तहको कक्ष ५ का विद्यार्थीहरू मध्य छनोटमा परेका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूसँग लक्षित समूह छलफल गरी सूचना संकलन गरिएको थियो भने अध्ययनकर्ताबाट कक्षा ५ को शिक्षण सिकाइ क्रियाकलापको कक्षा अवलोकन र स्थलगत अवलोकन बाट अवलोकन फाराम भरी आवश्यक सूचनाहरू संकलन गरिएको थियो । सूचना संकलन प्रक्रियाको कार्यलाई सम्पन्न गर्न नमुना छनोटमा परेका विद्यालयहरूमा ५/५ दिनको कार्यक्रम योजनाको समय मिलाइएको थियो । ४ वटा विद्यालयको सूचना संकलन प्रक्रियाको कार्य सम्पन्न भए पछि शोध निर्देशकको सल्लाह सुझाव अनुसार स्थलगत सर्वेक्षण लगायत सूचनाको विश्लेषण, वर्गीकरण, तालिकीकरण गरी प्रतिवेदनको रूपमा विकास गर्न जम्मा ३ महिनाको समय लागेको थियो ।

# अध्याय चार
# सूचनाको विश्लेषण र व्याख्या

यस अध्ययनमा संकलन गरिएका सूचनाहरूलाई व्यवस्थित र स्पष्टता गर्नका लागि वर्णनात्मक र परिमाणात्मक विधि प्रयोग गरिएको छ । यसरी यी विवरण र परिणामहरूलाई सर्वप्रथम सूचनाहरूको प्रकृति अनुसार वर्गिकरण गरिएको छ । वर्गिकरण अनुसार तथ्याङ्कलाई परिणात्मक विधि प्रयोग गरी तालिकामा स्पष्ट पारिएको छ । यसरी तथ्याङ्कलाई तालिकिकरण गरेपछि त्यसलाई अझ स्पष्टतामा ल्याउन तालिकाका आधारमा वर्णनात्मक विश्लेषण गरिएको छ र गुणात्मक र परिमाणात्मक विश्लेषण र राय सहित व्याख्या गरी सूचनालाई स्पष्ट परिएको छ । यसरी प्राप्त सूचनाहरूलाई विश्लेषण र व्याख्या गर्ने क्रममा नीति नियमावली, पाठ्यक्रमलाई आधार मानिएको छ । यसरी संकलन गरिएका सूचनाहरूलाई वर्णनात्मक विधि प्रयोग गरी निम्न लिखित रूपमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ स्थानीय शैक्षिक सामग्री प्रयोगको बारेमा सरोकारवालाको धारणा

प्रा.शि.पा. (२०६५) का अनुसार सामाजिक अधययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोग गरी सामाजिक र भौतिक वातावरणप्रति विषयवसतुको ज्ञान सीप र अभिवृत्तिको रुची जगाई बालबालिकाको सिकाईलाई रोजगारउन्मुख र असल नागरिक बनाउन सक्नुपर्दछ भन्ने धारणा प्रस्तुत गरेको छ । त्यसै गरी सेरीड (२०५९) ले स्थानीय शैक्षिक सामग्री त्यस्तो शैक्षिक सामग्री हो जसले कुनै पनि विषयवस्तुलाई सरल सहज तरिकाबाट बुझ्न र व्यवहारमा ल्याउन कच्चा पदार्थलाई विषयवस्तुको मर्म अनुरूप चाहेको सामग्रीमा रूपान्तरण गरी शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय र जीवन उपायेगी बनाउन सहयोग पुऱ्याउने आधार हो भन्ने धारणा राखेको छ ।

यसर्थ माथि उल्लेखित धारणाले जान्नका लागि सिकाउनु भन्दा पनि गर्नका लागि सिकाउने स्थानीय शैक्षिक सामग्रीहरूको प्रयोगलाई प्रभावकारी रूपमा प्रयोग गर्न जोड दिएको छ ।

त्यसैगरी दर्शनशास्त्रीय आधारमा रिचर्ड इ. सर्वे (Rechard E. Servey) का अनुसार “धारणा एउटा व्यवहारिक संग्रह हो, जुन कुनै वस्तुको रूप, कुनै विशेष गुण, कुनै कार्य वा कुनै विचारसित सम्बन्धित हुन्छ (साभार, ठाकुर २०५३)” भनि उल्लेख गरिएको छ । यसर्थ स्थानीय शैक्षिक सामग्रीको रूप, विशेष गुण र विचार सरोकारवालाको धारणामा विकास भयो भने व्यवहारिक ज्ञान सीपको विकास भई शिक्षण सिकाइ प्रभावकारी बन्दछ । त्यसैले स्थानीय शैक्षिक सामग्री प्रयोगमा शिक्षक, विद्यार्थी एवम् प्रधानाध्यापकको व्यवहारिक रूपमा धारणा संग्रह हुन आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रको नमुना छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, र प्र.अ.हरूले स्थानीय शैक्षिक सामग्री सम्बन्धमा व्यक्त गरेका विचार एवम् धारणालाई उनिहरूले दिएको प्रतिक्रियापको आवृत्तिको आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका नं. ४.१**

**स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था बारेमा सरोकारवालाको धारणा**

| शिक्षकबाट प्राप्त प्रतिक्रिया | प्र.अ.बाट प्राप्त प्रतिक्रिया | विद्यार्थीबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| शिक्षण सिकाइका लागि वातावरणबाट प्रयोगमा ल्याइने सम्पूर्ण चिज वा वस्तु | विद्यालय भित्र र बाहिरको वातावरणबाट सिकाइका लागि प्रयोग गरिने सामग्रीहरू | गाउँबाट ल्याइएका सामग्री ढुङ्गा, काठ, माटोबाट बनाइएका सामग्री |
| विद्यार्थीको सिकाइ धारणा बलियो बनाउन स्थानीय स्रोतका चिज वा वस्तुहरू | कम मूल्यका मूल्य विनाका स्थानिय वातावरणमा पाइने वस्तुहरू | पाठपढाउँदा शिक्षकले प्रयोग गरेका चित्र, चार्ट नमूनाहरू |
| अर्थपूर्ण सिकाइमा वातावरणमा पाइने चिरपरिचित वस्तुहरूबाट शिक्षक र विद्यार्थीद्वारा निर्मित सामग्री | शिक्षक, विद्यार्थी र प्र.अ.को संयुक्त प्रयासमा विषय अनुसारका खोजी गरी निर्माण गरिने सामग्री | कहिलेकाही विद्यार्थीलाई पनि बनाउन लगाएका सामग्रीहरू |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

माथिको तालिका नं. ४.१ लाई विश्लेषण गर्दा स्थानीय शैक्षिक सामग्री भन्नाले शिक्षण सिकाइका लागि वातावरणमा पाइने सम्पूर्ण चिज वा वस्तुहरू जुन विषयवस्तु अनुसार उपयोगी र प्रभावकारी प्रयोगमा ल्याउन सकिन्छ त्यस्ता वस्तुहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने कुरा शिक्षकहरूको जवाफमा पाइयो । विद्यार्थीको सिकाई धारणालाई बलियो बनाउन, अर्थपूर्ण सिकाइमा सहयोग पुऱ्याउने वातावरणमा पाइने चिरपरिचित, शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित सामग्रीहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने धारणा शिक्षकहरूबाट पाइयो ।

स्थानीय शैक्षिक सामग्री भन्नाले विद्यालय सेवा क्षेत्रभित्र र बाहिरको वातावरणबाट उपलब्ध गराउन सकिने वा गराइएका सामग्रीहरू जुन बालबालिकाको सिकाइका लागि प्रयोग गरिन्छन् । साथै यस्ता सामग्रीहरू कम मूल्य वा मूल्यविनाका वस्तुहरूबाट निर्माण वा संकलन गरी शिक्षण सिकाइका लागि व्यवस्था गर्न सकिन्छ । शिक्षक, प्र.अ. विद्यार्थीको संयुक्त प्रयासमा निर्माण गरी अर्थपूर्ण सिकाई वातावरण तयार गरिन्छ भन्ने कुराको जवाफ सहितको धारणा प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट पाइयो ।

विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया अनुसार ढुङ्गा, काठ, माटो र अन्य कच्चा पदार्थबाट बनाइएका वस्तुहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने धारणा पाइयो । शिक्षकले कहिलेकाही

कक्षाकोठामा पढाउँदा गाउँघरमा पाइने वस्तुहरूका सामग्रीहरू ल्याएर प्रयोग गर्ने गरेकाले गाउँमा पाइने सामग्रीहरू पनि स्थानीय शैक्षिक सामग्री हुन भन्ने जवाफ दिएका थिए । शिक्षकले शिक्षण गर्दा चित्र चार्ट, प्रयोग गर्ने गरेका र कहिले काही विषयवस्तु अनुसार माटोका मूर्ति बनाएर ल्याउन लगाएको र चित्रहरू कोर्न लगाएको बताएका थिए । यी धारणाहरूबाट विद्यार्थीहरूले स्थानीय शैक्षिक सामग्रीलाई विभिन्न अर्थमा लिएको पाइन्छ । शिक्षकले गरेका क्रियाकलापका आधारमा विद्यार्थीले दिएको प्रतिक्रियाबाट के स्पष्ट हुन्छ भने स्थानीय शैक्षिक सामग्री चिरपरिचित भएका कारणले विभिन्न वस्तुहरूको नाम बताउन सकेको पाइयो ।

उत्तरदाताको रूपमा रहेका शिक्षकहरू, प्रधानाध्यापकहरू र विद्यार्थीहरूको स्थानिय शैक्षिक सामग्री सम्बन्धमा के कस्तो धारणा वा विचार छ भनि लिइएको प्रतिक्रियाबाट के स्पष्ट हुन्छ भने स्थानीय शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ प्रक्रिया अर्थपूर्ण हुन्छ । तर व्यवहारमा ल्याउने पक्षहरूमा सक्रिय सहभागिता नभएको सिद्धान्तमा रहेर अलि अलि मात्र लागु भएको तथ्य पाइयो ।

### ४.१.१ स्थानीय शैक्षिक सामग्रीका प्रकार र तिनको प्रयोग

प्राथमिक तहको सामाजिक विषयको पाठ्यक्रमद्वारा निर्दिष्ट विषयवस्तु अनुसारका स्थानीय शैक्षिक सामग्रीका प्रकारहरू तिनको प्रयोग सम्बन्धमा शिक्षकले विषयवस्तुको राम्रो सुझबुझ गरेर मात्र प्रयोग गर्नुपर्दछ । साािजक अध्ययन विषयको शिक्षणमा शिक्षकले प्रयोग गर्न सक्ने विभिन्न प्रकारका सामाग्रीहरू मध्य निम्न प्रकारका स्थानीय शैक्षिक सामग्रीहरूको बारेमा नमुना जनसंख्याबाट सूचना संकलन गरिएको थियो ।

### (क) वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री

प्रभावकारी शिक्षण सिकाइ गर्नका लागि पूर्वसेवाकालिन, सेवाकालिन र पुनर्ताजगी शिक्षक तालिमबाट शिक्षकमा कमी भएको ज्ञान, सीप र अभिवृद्धि पूरा गर्ने काम गरिएको छ । उक्त तालिम पश्चात शिक्षण सिकाइलाई जीवन्त र व्यवहारिक बनाउन शिक्षकले विषयवस्तु अनुसारका चाहिएका सामग्रीहरू निर्माण, संकलन गरी प्रयोग गर्न सक्ने अपेक्षा गरिएको छ ( शै.ज.वि.के., २०५५) ।

व्यवहारवादी सिकाइ सिद्धान्तमा शिक्षकले शिक्षण सिकाइका लागि उद्देश्य निर्माण गर्दछ, आवश्यक वातावरण निर्धारण गर्दछ, नचाहिएको वातावण नियन्त्रण गर्दछ र चाहिएको वातावरण निर्माण गरी प्रभावकारी शिक्षण सिकाई गर्दछ (शर्मा एण्ड शर्मा, २०६६) प्राथमिक तहको सामाजिक विषयको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरू पनि माथि उल्लेख गरिएका निती सिद्धान्तमा आधारित छन् । ती वियवस्तुलाई स्पष्ट पार्न एकै प्रकारका साधन स्रोतबाट सम्भव छैन । त्यसका लाीग स्थानीय वातावरणले सहयोग पुऱ्याउने विभिन्न प्रकारका सामग्रीहरूको निर्माण प्रयोग र संकलन हुन आवश्यक देखिन्छ ।

प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५७) ले सामाजिक अधययन विषयको शिक्षणमा वास्तविक वस्तु, प्रत्यक्ष अवलोकन, अनुभव र विषयवस्तु अनुकुलको योजना विधि (Project Method) अपनाएर शिक्षण सिकाइ गर्न जोड दिएको छ । विषयवस्तुको धारणालाई स्पष्ट रूपमा विद्यार्थी समक्ष पुऱ्याउन सरल र प्रभावकारी शैक्षिक सामग्रीहरूको उचित प्रयोग गर्न अभिप्रेरित गरिएइको  छ । बालबालिकाहरूलाई प्राकृतिक विषयवस्तुप्रति रुची जगाउन र त्यस्ता विषयवस्तुको प्रत्यक्ष अवलोकन र अनुभव गर्न सक्ने वातावरण बनाई शिक्षण गराइनुपर्ने कुरा उल्लेख छ । पुनः प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ मा पनि माथिका विषयहरूमा नै जोड दिँदै उल्लेख गरिएको विषयवस्तुको आधारमा वातावरणमा पाइने प्राकृतिक विषयवस्तुको क्षेत्र हाम्रो पृथ्वीमा समावेश गरिएका प्राकृतिक स्थानीय शैक्षिक सामग्रीहरू निम्नानुसार रहेका छन् :

- भौगोलिक प्रदेशहरूमा : हिमाल, पहाड र तराई
- माटोमा : हिमाली माटोको बनावट, पहाडी माटोको वनावट र तराइको माटोको बनावट
- हावापानीमा : हिमाली प्रदेशको हावापानी, पहाडी प्रदशेको हावापानी र तराइ प्रदेशको हावापानी
- वनस्पतिमा : सदावहार वनस्पति, पत्तझर वनस्पति र कोणधारी वनस्पति
- प्राकृतिक सम्पदामा : ताल, झरना, नदी, गुफा, चट्टान र खनिज वस्तुहरू
- कृषि उत्पादनका क्षेत्रहरू : खेतीयोग्य जमिनहरू

माथि उल्लेखित प्राकृतिक वस्तुहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्ने कुरा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) को विषयवस्तुको विस्तृतिकरणमा उल्लेख गरिएको छ । उक्त उल्लेख गरिए अनुसारका सामग्रीहरू प्रयोग गर्ने व्यवस्था एउटा योग्य शिक्षकको कर्तव्य हुन आउँछ ।

यसर्थ माथिका आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले उल्लेख गरे बमोजिम प्राथमिक तहको सामाजिक शिक्षण विषयको शिक्षण सिकाइमा के कस्ता प्राकृतिक स्थानीय शैक्षिक साामग्रीहरू प्रयोग गर्नुहुन्छ ? भनि गरिएको प्रश्नमा शिक्षक र विद्यार्थीले दिएको प्रतिक्रिया र अवलोकनकर्ताले अवलोकनबाट प्राप्त गरेको सूचनालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री**

| विवरण | संख्या | कसरी |
|---|---|---|
| नदी | १ | स्थलगत भ्रमण गराएर/चित्र बनाएर |
| ताल | ० | - |
| माटो | २ | नमुना संकलन गरेर/उदाहरण देखाएर |
| ढुङ्गा | ० | - |
| चट्टान | ० | - |
| हिमाल | ० | - |
| पहाड | २ | चित्र बनाएर/नमूना संकलन गरेर |
| तराई | ० | - |
| उपत्यका | ३ | चित्र बनाएर |
| जंगल | २ | भ्रमण गराएर |
| वनस्पति | १ | नमुना संकलन गरेर |
| गुफा | ३ | चित्र बनाएर |
| हावापानी | ० | - |
| कृषिउत्पादन क्षेत्र | १ | चित्र बनाएर |
| औधोगिक क्षेत्र | ३ | चित्र बनाएर |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७।*

*नोट : माथि उल्लेखित संख्याले वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या जनाउँछ।*

उल्लेखित तालिकाले के स्पष्ट पार्दछ भने वातावरणमा पाइन प्राकृतिक स्थानीय शैक्षिक सामग्रीले सहयोग पुऱ्याउने विषयवस्तु मध्ये उपत्यका, गुफा, औधोगिक क्षेत्र ३ (तीन) जना शिक्षकहरूले चित्र बनाएर प्रयोग गरेका । माटो, पहाड, जंगल २ (दुई) जना शिक्षकहरूको शिक्षणमा भ्रमण, नमूना र चित्र बनाएर प्रयोग भएका । नदी, वनस्पति, कृषि उत्पादनका क्षेत्र १ (एक) जना शिक्षकले नमूना, चित्र बनाएर प्रयोग गरेको पाइयो । भने ताल ढुङ्गा, चट्टान, हिमाल, तराई हावापानी जस्ता विषयवस्तुहरूलाई प्राकृतिक सामग्रीहरू प्रयोग गरेको पाइएन । यसबाट के स्पष्ट हुन्छ भने स्थानीय शैक्षिक सामग्रीको स्रोतको खोजी गरी विषयवस्तुलाई टेवा पुऱ्याउन शिक्षकमा ज्ञान र सीपको विकास कमी भएका कारण प्रभावकारी ढंगबाट स्थानीय शैक्षिक सामग्रीको प्रयोग नभएको पाइयो ।

(ख) **वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था**

सामाजिक अध्ययन विषय मानव सम्बन्धबारे अध्ययन गर्ने विषय हो । व्यक्तिको सम्बन्ध समाजका धेरै पक्षसँग हुन्छ । यी विभिन्न पक्षहरू कसरी संचालन हुन्छ भन्ने कुरा बुझ्न हरेक नागरिकको प्रमुख भूमिका रहेको हुन्छ । एक व्यक्तिको अर्को व्यक्तिसँगको सम्बन्ध, भौतिक र सामाजिक वातावरणको अन्तर्क्रिया हुँदा मानवका लागि आवश्यक पर्ने विभिन्न वस्तुहरू मानवले नै निर्माण गरेको हुन्छ । त्यस्ता निर्माण गरिएका वस्तुहरू बालबालिकाको सिकाइमा प्रयोग गरिएको खण्डमा सिकाइ प्रभावकारी हुन्छ । यही अवधारणाका साथ सामाजिक विषयमा समावेश गरिएका विषयवस्तुहरू सामाजिक क्रियाकलापसँग आधारित छन् । यस्ता विषयवस्तुलाई व्याख्यान विधिवाट शिक्षण गर्दा सिकाइ धारणालाई स्पष्ट पार्न सकिँदैन । त्यसका लागि ती मानव निर्मित वस्तुहरू जुन समाजभित्रै यत्रतत्र छरिएर रहेका छन्, तिनलाई नै वास्तविक यथार्थ र अनुभव योग्य बनाएर प्रयोग गरियो भने गुणस्तर सिकाइ बन्दछ भन्ने धारणा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले लिएको छ । पाठ्यक्रमले समावेश गरेका विषयवस्तुमा मानव निर्मित स्थानीय शैक्षिक सामग्रीहरूलाई निम्नानुसारका विषयवस्तुमा प्रयोग गर्न सकिने कुरा उल्लेख गरेको छ ।

- छरछिमेकका काम : कृषि, उद्योग, व्यापार, नोकरी
- सामूहिक काम : विवाह ब्रतबन्ध, सार्वजनिक स्थलहरू (चौतारो वाटो) निर्माण
- हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता : परम्परागत चलन, नातागोता, महिला, पुरुष, भाषा, धर्म, भेषभूषा, चाडपर्व, मेला, मठ, मन्दिर
- सामाजिक समस्या र समाधान : लागुपदार्थ र मादकपदार्थ, चोरी डकैति, वाह्य संस्कृति, सामाजिक विकृति, स्थानीय सरकारी तथा गैरसरकारी, संस्था, गा.वि.स./न.पा./वार्ड कार्यालय/जि.वि.स./स्थानीय क्लवहरू/आमा समूह, स्काउट, रेडक्रस
- नागरिक चेतना : मानव अधिकार
  - राष्ट्रिय सम्पदा : विद्युत्त, सिचाई, वृक्षारोपण, वाँध, प्रर्यटन, निकुञ्ज
  - सामाजिक नियमहरू : जात्रा, पर्व, मेला, ऐचोपैचो, गुठी
  - सामाजिक व्यवहारहरू
- हाम्रो विगत : इतिहासिक व्यक्ति र वस्तुहरूको खोजी र संरक्षण
- हाम्रो आर्थिक क्रियाकलाप
  - जिल्ला भित्रका व्यक्तिले गर्ने पेसा सम्बन्धी कामहरू (खेतीपाती, मजदुरी, डोको, डालो, जडिवुटी जम्मा गर्ने, घर बनाउने, फलामको काम गर्ने)

- स्वदेशमा उत्पादित वस्तुहरू (लुगाकपडा, खेलौना, भाडाकुडा, खाद्यान्न)
- विद्यालयमा प्रयोग हुने सामग्रीहरूको प्रयोगमा मितव्ययिता अपनाउन (चक, डस्टर, पत्रपत्रिका, खेलकुद सामग्री, साँस्कृतिक कार्यक्रमका सामग्रीहरू आदि ।)

माथि निर्देशित स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न सकिने विषयवस्तुको आधारमा स्थलग रूपमा प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा सामाजिक अध्ययन विषयको शिक्षणमा कस्ता किसिमका मानव निर्मित स्थानीय शैक्षिक सामग्रीहरू प्रयोग वारेमा प्राप्त सूचनालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**मानव निर्मित स्थानीय शैक्षिक सामग्री**

| विवरण | संख्या | कसरी |
|---|---|---|
| (क) सरकारी संघसंस्था | | |
| (१) स्वास्थ्य चौकी/अस्पताल | ३ | स्थलगत भ्रमण गराएर/चित्र |
| (२) हुलाक/टेलिकम कार्यालय | २ | चित्र बनाएर |
| (३) गा.वि.स/न.पा./म.न.पा. | २ | प्रत्यक्ष ठाउँ देखाएर |
| (४) प्रहरी चौकी | १ | चित्र बनाएर |
| (५) कृषि कार्यालय | १ | चित्र बनाएर |
| (६) विद्यालय | १ | प्रत्यक्ष ठाउँ देखाएर |
| (ख) गैरसरकारी संस्था | | |
| (१) क्लवहरू | ० | - |
| (२) सहकारी संस्थ | ० | - |
| (३) रेडक्रस | २ | समूह गठन गराएर |
| (४) स्काउट | ४ | समूह गठन गराएरउ |
| (ग) राजनीतिक पार्टीका कार्यालयहरू | २ | चित्र बनाएर |
| (घ) सडक/यातायात/वाटोघोटो | ४ | चित्र बनाएर |
| (ङ) धार्मिक स्थलहरू | १ | चित्र बनाएर |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

*नोट : माथि उल्लेखित संस्थाले वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या जनाउँछ ।*

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) लाई आधार मानि स्थलगत सर्वेक्षण गर्दा वातावरणमा पाइने मानवनिर्मित स्थानीय शैक्षिक सामग्रीहरू प्रयोग हुने विषयवस्तुहरू मध्ये सरकारी संस्था :- स्वास्थ्य चौकी/अस्पता ३ (तीन) जना शिक्षकहरूले शिक्षण गर्दा स्थलगत भ्रमण र चित्र प्रयोग गरेको पाइयो । त्यसैगरी हुलाक, टेलिकम रेडक्रस, २ जना शिक्षकहरूको स्थानीय शैक्षिक सामग्रीको रूपमा समूह गठन र चित्र बनाएर प्रयोग गरी शिक्षण सिकाइ गरेको पाइयो भने, स्काउट ४ जना शिक्षकहरूले समूह गठन गरी प्रयोग गरेको पाइयो । प्रहरी चौकी,

कृषि कार्यालय, विद्यालय, धार्मिक स्थल १ जना शिक्षकले चित्र बनाएर र स्थलगत भ्रमण गराएर प्रयोग गरेको पाइयो । क्लवहरू सहकारी संस्था स्थानीय चाडपर्व, सार्वजनिक पर्व र बैठक समारोह जस्ता विषयवस्तुलाई नमुना छनोटमा परेका विद्यालयका कुनै पनि शिक्षकले स्थानीय शैक्षिक सामग्री प्रयोग नगरेको पाइयो । यसर्थ यसरी हेर्दा स्थलगत सर्वेक्षण प्रा.शि.पा. (२०६५) ले तोके अनुसार मानव निर्मित स्थानीय शैक्षिक सामग्रीको उपयोग कम भएको पाइयो । विषयवस्तु अनुसारका सामग्रीहरू स्थानीय स्तरमा हुँदाहुँदै पनि ती वस्तुको प्रयोग नभइ दिनाले शैक्षिक गुणस्तरमा ह्रास आउने निश्चित नै देखिन्छ ।

**(ग) मानव सोतहरू**

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र कक्षाकोठाको शिक्षणलाई गतिशीलता प्रदान गर्न स्थानीय शैक्षिक सामग्रीको रूपमा मानवश्रोत (स्रोत व्यक्ति) ले महत्त्वपूर्ण भूमिका खेल्दछ । यस सम्बन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले समावेश गरेका विषयवस्तुको धारणालाई स्पष्ट रूपमा विद्यार्थीलाई बुझाउन स्थानीय वातावरणमा विगतमा समाजमा लागि कृति राखेका समाजलाई योगदान पुऱ्याएका व्यक्तिको बारेमा चिनारी दिनसक्ने व्यक्ति विभिन्न पेशामा समावेश भएर आफ्नो क्षेत्रबाट समाज र राष्ट्रको उन्नती र भलाइका लागि काम गर्ने व्यक्तिहरू (शिक्षक, डाक्टर, इन्जिनियर, परोपकारी, समाजसेवी, विद्वान्, प्राध्यापक, राजनीतिज्ञ, कृषक) जस्ता मानवीय श्रोतका व्यक्तिलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिने गरी विषयवस्तुमा उल्लेख गरिएको छ । यी मानवीय स्रातका विषयवस्तु नाम मात्र बताउँदा त्यति प्रभावकारी नहुने तर त्यस्ता व्यक्तिहरूलाई प्रत्यक्ष समावेश गरी शिक्षण गर्दा स्थानीय स्तरमा भएका मानवीय स्रोत शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिने आधार पाठ्यक्रमका विषयवस्तुको विस्तृतिकरणमा उल्लेख छन् । सामाजिक विषयलाई प्रभावकारी रूपमा शिक्षण गर्न कस्तो मानव स्रोत प्रयोग गनुहुन्छ भन्ने प्रश्नमा शिक्षकको प्रतिक्रिया र अवलाकेनबाट प्राप्त सूचनालाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.४**

**स्थानीय शैक्षिक सामग्रीको रूपमा मानव स्रोत**

| विवरण | संख्या | कसरी |
|---|---|---|
| राजनीतिज्ञहरू | १ | उदाहरण दिएर |
| कृषकहरू | २ | उदाहरण दिएर |
| विभिन्न पेशाकर्मीहरू | १ | चित्र बनाएर |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

*नोट : माथि उल्लेखित संख्याले स्थानीय शैक्षिक सामग्रीका रूपमा मानव स्रोत प्रयोग गर्ने विद्यालयको शिक्षक संख्या जनाउँछ ।*

माथि उल्लेख तालिका अनुसार सामाजिक विषय शिक्षण गर्दा राजनीतिज्ञहरू, विभिन्न पेशाकर्मीहरू एक विद्यालयका शिक्षकले मात्र चित्र बनाएर उदाहरण दिएर प्रयोग गर्ने गरेको

पाइयो । कृषकको प्रयोग भने २ वटा विद्यालयका शिक्षकले उदाहरण दिएर स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गरेको शिक्षकहरूले बताएका थिए ।

यसबाट के स्पष्ट हुन्छ भने प्रा.शि.पा. (२०६५) ले राखेका विषयवस्तुका धारणा अनुरूपका मानव समाजबाट सामाजिक अध्ययन विषयको शिक्षणमा आवश्यक पर्ने मानवीय श्रोतका व्यक्तिहरू विषयवस्तु अनुसारका छन् छैनन् भन्ने विषयमा पूर्वयोजना नै नभएको र त्यस्ता श्रोतहरूको खोजी गर्ने ज्ञान सीपको अभाव नै रहेको देखिन्छ । सामाजिक अध्ययन विषयले समाजका सम्पूर्ण गतिविधिसँग समबन्ध राख्ने भएकोले त्यस्ता गतिविधि भित्र रहेका मानवीय श्रोतका सामग्रीहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सक्नु प्रभावकारी शिक्षण सिकाई गर्नु हो तर पाठ्यक्रमले तोके अनुसार स्थलगत सर्वेक्षणमा मानवीय स्रोतका शैक्षिक सामग्रीको प्रयोग कम भएको पाइयो ।

**(घ) शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री**

स्थानीय शैक्षिक सामग्री विकास निर्माण र प्रंयोगमा शिक्षक विद्यार्थी दुवैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसका निम्ति स्थानीय शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम शिक्षकलाई दिनु आवश्यक रहेको हुन्छ । विद्यालयले आफ्नो सेरोफेरो, समूदाय र क्षेत्रभित्रका दैनिक जीवनमा प्रभाव पार्ने सीमग्रीहरूलाई विषयवस्तुको धारणा स्पष्ट पार्ने गरी चाहिएको सामग्री निर्माण संकलन गर्न शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा तयार गर्नु पर्दछ । सामान्य वस्तुका स्थानीय स्थानीय सामग्रीहरूलाई प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५७) ले निम्नलिखित कुराहरू उल्लेख गरेको छ । (१) चित्रहरू, (२) शब्दावलीहरू, (३) नमूनाहरू, (४) संकलन गरिएका वस्तुहरू, (५) प्रत्यक्ष रूपमा देखाइने वस्तुहरू ।

माथि उल्लेखित सामग्रीहरू शिक्षक एक्लैले वा विद्यार्थीको सहयोगले वा संयुक्त प्रयासमा विषयवस्तुको आधारमा स्थानीय वातावरणमा पाइने चिज वा वस्तुहरूलाई प्रयोग गरी शिक्षण सिकाइका लागि चाहिने उपयुक्त स्थानीय शैक्षिक सामग्री निर्माण गर्न सक्नुपर्दछ । जसले गर्दा विद्यार्थीले छोएर, हरेर र गरेर ज्ञान, सीप र अभिवृत्ति हासिल गर्ने अवसर पाउँछन् । यस्तो अवसर व्यवहारिक बन्न सक्छ । त्यसैले स्थानीय शैक्षिक सामग्री निर्माणमा शिक्षक र विद्यार्थीको संयुक्त प्रयास हुनुपर्ने कुरा दश महिने प्राथमिक शिक्षक तालिम पुस्तिका (२०५५) मा उल्लेख गरिको छ । शिक्षक र विद्यार्थीका संयुक्त प्रयासमा कस्ता स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नु भएको छ भनी शिक्षक र विद्यार्थीलाई गरेको प्रश्नमा दिएको उक्त प्रश्नको जवाफलाई निम्नानुसार राखिएको छ ।

**तालिका नं. ४.५**

**शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्रीहरू**

| विवरण | संख्या | कसरी |
|---|---|---|
| कागजबाट | १ | कागजका नमुना विभिन्न आकृतिका वस्तुहरू/चित्रहरू बनाउन लगाएर |
| काठबाट | ० | - |
| माटोबाट | १ | विद्यार्थीलाई नमुना  देखाइ सोही अनुरूप उनीहरूलाई बनाउन लगाएर |
| कपडाबाट | ० | - |
| खेर फालिएको वस्तुहरूबाट | ० | - |
| अध्ययन भ्रमणबाट | २ | शिक्षक र विद्यार्थी मिलेरसंकलन गरिएका नमुनाहरू |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

*नोट : माथिको तालिकामा दिइएको संख्याले शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकको संख्यालाई जनाउँछ ।*

माथिको तालिका अनुसार शिक्षक र विद्यार्थीको संयुक्त प्रयासबाट निर्मित स्थानीय शैक्षिक सामग्री मध्ये कागजबाट बनाइएका नमुनाहरू, माटोबाट बनाइएका नमुनाहरू प्रयोग गरी शिक्षण सिकाइ गर्ने शिक्षकको संख्या १ जना मात्र पाइयो भने अध्ययन भ्रंमणबाट संकलित सामग्रीहरू २ वटा विद्यालयका सामाजिक शिक्षकहरूले प्रयोग गर्ने गरेको पाइयो । काठबाट, कपडाबाट र खेरफालिएका वस्तुबाटछ बनाइने सामग्रीहरू कुनै पनि विद्यालयका शिक्षकले सामाजिक शिक्षण गर्दा उपयोग नगरेको पाइयो । यसर्थ के भन्न सकिन्छ भने सामाजिक विषय शिक्षण गर्दा जति बढी स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गऱ्यो त्यति विषयवस्तुलई स्पष्ट पार्न मद्दत गर्दछ र सिकारुहरू सिक्नमा उत्सुक हुन्छन् । अध्ययन गरेको विद्यालयमा पाठ्यक्रमले तोके अनुसार स्थानीय शैक्षिक सामग्रीको प्रयोग जति हुनुपर्ने हो त्यति शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्माण नभएको पाइयो ।

## ४.२ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका समस्याहरू

प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षण सिकाई क्रियाकलापमा बालबालिकाहरूलाई सामाजिक र भौतिक वातावरणप्रति रुची जगाउन विषयवस्तुको ज्ञान, सीप र अभिवृत्तिको विकास गराई रोजगारउन्मुख र सक्रिय नागरिकको जग बसाउने प्रमुख उद्देश्य लिएको छ । त्यसै गरी प्रयोगात्मक शिक्षण प्रणालीलाई जोड दिँदै विद्यार्थीहरू स्वयम्बाट समस्याको खोज र समाधानका उपायहरू पहिल्याई आफ्नो विचार, सीप दक्षता रुची तथा खुशीका आधारमा व्यक्ति, परिवार समुदायको विकासप्रति आकर्षित हुन र असल नागरिक बन्न सकुन भन्ने अपेक्षा गरिएको छ (प्रा.शि.पा. २०६५) ।

त्यसकारण स्थानीय शैक्षिक सामग्रीले "One picture is equal to thousand words" उक्तिलाई अनुसरण गरी  विषयवस्तुलाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसै गरी सबै व्यक्ति शिक्षक बन्न सक्छन् तर असल शिक्षक सबै बन्न सक्दैनन् भन्ने उक्तिलाई पनि आत्मसाथ गरी शिक्षकले स्थानीय शैक्षिक सामग्री निर्माण, विकास र प्रयोग गर्न सक्नु पर्दछ । त्यसकारण एउटा शिक्षकले विद्यालय वरिपरी रहेको विद्यार्थीद्वारा परिचित कम मूल्यका सामग्री प्रयोग गर्दा प्रभावकारी शिक्षण हुन्छ, तर शिक्षकको उत्तरदायित्वका कारणले गर्दा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको  छ । प्राथमिक तहमा सामाजिक विषय शिक्षण गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या पहिचान गर्न कक्षा अवलोकन, प्रश्नावली अन्तरर्वार्ता लक्षित समूह छलफल गरिएको थियो । जसबाट प्राप्त प्रतिक्रियालाई अलग-अलग शीर्षकमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ **स्थानीय शैक्षिक सामग्री निर्माण सम्बन्धी आवश्यक तालिमको अभाव**

तालिमले शिक्षकमा पुन शुद्धिकरण गर्दछ । परिवर्तीत समय सँगसँगै शिक्षकलाई पुनर्ताजगी गराउन तालिम अत्यन्त आवश्यक हुन जान्छ । स्थानीय शैक्षिक सामग्री सहि ढंगले प्रयोग गरिदा प्रभावकारी शिक्षण सिकाई हुने कुरामा दुई मत रहँदैन । यस सन्र्दभमा शिक्षकलाई स्थानीय शैक्षिक सामग्री प्रयोगमा कस्ता समस्या देखिएका छन् भन्ने प्रश्नमा तालिमको अभावका कारण सहि ढंगबाट स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको वताएका थिए । शिक्षकहरूले लिएका तालिमलाई निम्नानुसार तालीकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**आवश्यक तालिमको अभाव**

| **तालिम** | **छ/बेलाबेलामा/वर्षको एकचाटी/तालिम नै नभएको संख्या** | |
|---|---|---|
| पूव सेवाकालिन तालिम | छ | ४ |
| सेवाकालीन | बेलबेलामा | ४ |
| स्थानीय शैक्षिक सामग्री प्रयोग सम्बन्धी तालिम | तालिम नै नभएको | ० |
| अन्य | बेलाबेलामा | २ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

*नोट :   माथिको उल्लेखित संख्याले तालिम लिएको शिक्षकको संख्या जनाउँछ ।*

यसरी माथि उल्लेखित तालिका अनुसार पूर्वसेवाकालीन तालिम ४ वटै विद्यालयका शिक्षकहरूले पाएको पाइयो भने सेवाकालीन पुनर्ताजगी तालिम सबै शिक्षकहरूले बेलाबेलामा प्राप्त गरेको पाइयो । तर स्थानीय शैक्षिक सामग्री निर्माण प्रयोग सम्बन्धी शैक्षिक सामग्री निर्माण प्रयोग सम्बन्धी भनेर छुट्टै तालिम कुनै शिक्षकले नपाएको पाइयो, अन्य तालिम बेला बेलामा भएको पाइयो । यसर्थ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिमको

अभावमा  सामाजिक विषयमा शिक्षण सिकाइ गर्न समस्या पैदा भएको वताएका थिए । स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी ज्ञान, सीप, नहुँदा स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या रहेको पाइयो ।

नेपाल सरकारले शिक्षकहरूको लागि गरेको दक्षता अभिवृत्ति कार्यक्रमले पूर्ण तालिम प्राप्त शिक्षकहरू संख्या भए तापनि गुणातमक शिक्षण सिकाइ नभएको र स्थानीय श्रोतसाधनको पहिचान गरी शिक्षण सिकाईलाई प्रभावकारी बनाउनु भन्दा पनि सरकारले जे जति उपलब्ध गराएको छ त्यसैमा रही काम गर्ने गरेको तर पाठ्यक्रमले निर्दिष्ट गरे अनुसारका सामग्रीहरू खोजी गरी अध्यापन गराउने तर्फ सक्रिय नभएको पाइयो ।

### ४.२.२ स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा शिक्षकको योग्यता र दक्षताको अभाव

स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न एउटा शिक्षक योग्य र दक्ष हुनुपर्ने हुन्छ । उसको योग्यता र दक्षता उसको कार्य शैलीबाट प्रष्ट हुन्छ । जबसम्म स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने ज्ञान, सीपबाट एउटा शिक्षक दक्ष र योग्य हुनु सक्दैन तबसम्म स्थानीय शैक्षिक सामग्री प्रयोग गरी प्रभावकारी शिक्षण सिकाई गर्न सक्षम छ भन्न सकिँदैन । यस सम्बन्धमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले प्राथमिक शिक्षामा देखा परेका समस्याहरू औल्याई समाधान गर्न दिएका सुझावमा प्राथमिक तहमा शिक्षकको योग्यता कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यताको स्तर वृद्धि हुनु पर्छ भनिएको थियो । उक्त सुझावको कार्यान्वयन १२ वर्ष पछि शिक्षक सेवा आयोग (पाँचौ संशोधन) नियमावली २०६७ लागु भएपछि सम्वत् २०६८ साल वैशाख १ गतेबाट प्राथमिक तहको शिक्षकका लागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको व्यक्तिले प्रवेश पाउने व्यवस्था भएकोमा उक्त सुझाव कार्यान्वयन हुने भएको छ । यो व्यवस्था लागु भएपछि प्रवेश गर्ने प्राथमिक शिक्षकहरूमा योग्यता र दक्षता विकास भएको हुनेछ र त्यस्ता व्यक्तिबाट प्राथमिक तहको शिक्षण सिकाइमा विषयवस्तुका आधारमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बनधी समस्यालाई केही हदसम्म कम गर्न सक्ने बाटो भएको मान्न सकिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुलाई स्पष्ट रूपमा विद्यार्थी समक्ष पुऱ्याउने यो नै सर्वोपरी माध्यम भने बन्न सक्दैन । यसका लागि पाठ्यक्रम सम्बन्धी तालिमको व्यवस्था गरेर शिक्षकलाई सर्वप्रथम पाठ्यक्रमको बारेमा पूर्ण रूपमा दक्ष बनाउन सकेमात्र, स्थानीय स्तरमा भएका सामान्य वस्तुहरूले शिक्षण सिकाइमा स्थान पाउनेछन् भन्ने कुराको धारणा प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ ले उल्लेख गरेको छ ।

यसै प्रसंगमा के तपाई स्थानीय शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नु हुन्छ भनि गरिएको प्रश्नमा शिक्षकले दिएको प्रतिक्रियामा सामाजिक विषय शिक्षण गर्न कुनै पनि स्थानीय शैक्षिक सामग्री प्रयोग नगरेको त्यसका ठाउँमा विभिन्न मूल्य पर्ने चित्र, नक्साहरू प्रस्तुत गर्ने

गरेको बताएका थिए । कसरी, स्थानीय शैक्षिक सामग्री निर्माण गर्ने भन्ने बारे जानकारी नहुँदा स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या परेको बताएका थिए ।

स्थानीय शैक्षिक सामग्री प्रयोगमा के कस्ता समस्या छन भन्ने प्रश्नमा शिक्षक, प्र.अ. ले योग्यता र दक्षता सम्बन्धी समस्या शिक्षकमा रहेको कुरामा सहमत जनाएका थिए । जसलाई निम्न तालिकामा देखाएको छ ।

**तालिका नं. ४.७**

**स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका योग्यता र दक्षता सम्बन्धी समस्या**

| विवरण | प्र.अ.को प्रतिक्रिया | | शिक्षकको प्रतिक्रिया | |
|---|---|---|---|---|
| | छैन | संख्या | छैन | संख्या |
| स्थानीय शैक्षिक सामग्री निर्माण गर्न सक्षम | छैन | ४ | छैन | ४ |
| उपलब्ध भएका स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने | आवश्यक अनुसार छैन | ४ | छ | २ |
| स्थानीय शैक्षिक सामग्री निर्माणमा विद्यार्थीलाई उत्प्रेरित गर्ने | छैन | ४ | छैन | ४ |
| स्थानीय शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम लिएको | छैन | ४ | छैन | ४ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

माथि उल्लेखित तालिका अनुसार स्थानीय शैक्षिक सामग्री निर्माण गर्न सक्षम नभएको भन्ने ४ वटै विद्यालयका प्र.अ. र शिक्षकले बताएका थिए । उपलब्ध भएका शैक्षिक सामग्री प्रयोग गर्न आवश्यकता अनुसार नसकिएको ४ वटै .विद्यालयका प्र.अ.ले बताएका थिए भने २ वटा विद्यालयका शिक्षकले प्रयोग गरिएको बताएका थिए । यस्तै गरी स्थानीय शैक्षिक सामग्री निर्माण गर्न विद्यार्थीलाई शिक्षकले उत्प्रेरित नगर्ने गरेको ४ वटै विद्यालयका प्र.अ. र शिक्षकले बताएका थिए । स्थानीय शैक्षिक सामग्री छुट्टै रूपमा निमार्ण र प्रयोग सम्बन्धी तालिम नदिएको ४ वटै विद्यालयका प्र.अ. र शिक्षकले बताएका थिए । यसर्थ यस प्रतिक्रियाले शिक्षकमा स्थानीय शैक्षिक सामग्री निर्माण, विकास र प्रयोग सम्बन्धमा योग्यता र दक्षताबाट अपूर्ण हुँदा शिक्षकहरूलाई स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या आएको पाइयो ।

योग्यता दक्षता सम्बन्धी समस्या एउटा चुनौतीपूर्ण समस्या हो । समय परिस्थिति परिवर्तन हुँदै जाँदा पहिला ग्रहण गरेका योग्यता र दक्षतालाई पुनर्ताजकी बनाइरहनु पर्ने हुन्छ । पुरानै योग्यता दक्षताले नयाँ परिवेशलाई आत्मसाथ गर्न सकेन भने कुनै पनि कार्यक्रम प्रभावकारी हुन सक्दैन । शिक्षण सिकाईका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू मध्येको एउटा पाटो स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग एउटा दक्ष शिक्षकबाट हुन सकेको

खण्डमा शिक्षण प्रभावकारी हुने देखिन्छ । तर यस अध्ययनपछि देखिएको स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्थामा भने समस्या नै रहेको पाइयो ।

### ४.२.३ विद्यालयको शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनमा कमजोरी

शिक्षण सिकाइ गर्ने क्रममा कक्षाकोठा व्यवस्थापनदेखि लिएर शैक्षिक सामग्री व्यवस्थापन बसाइ व्यवस्थापन, मनोविज्ञानको व्यवस्थापन, अतिरिक्त स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन गर्नु एउटा शिक्षकको कार्य हुन आउँछ । यसरी स्थानीय शैक्षिक सामग्रीको सहि ढंगले व्यवस्थापन गर्ने शिक्षकको असक्षमता र विद्यालयको व्यवस्थापन कारण विद्यालय वरपर रहेका सामग्रीहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा सामाजिक विषय शिक्षणमा प्रयोग गर्दा समस्या उत्पन्न भएको पाइयो । स्थानीय शैक्षिक सामग्री कसरी निमार्ण र व्यवस्थापन गर्नु भएको छ भन्ने प्रश्नमा शिक्षक र प्र.अ.को प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८**

**विद्यालयको शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनमा कमजोरी**

| स्थानीय शैक्षिक सामग्री | विद्यालय प्र..अ/शिक्षक | संख्या |
|---|---|---|
| वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन | छैन | ४ |
| वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन | छैन | ४ |
| मानव स्रोतको रूपमा स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन | छैन | ४ |
| शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री | छैन | ४ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

माथि उल्लेखित तालिका अनुसार ठोस योजनाको अभावको फलस्वरूप कुनै पनि स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापन हुन सकेको पाइदैन । स्थानिय शैक्षिक सामग्रीलाई विषयवस्तुसँग कसरी समायोजन हुने गरी प्रभावकारी शिक्षण सिकाई गर्ने भन्ने सन्दर्भमा शिक्षक स्वयम् र प्र.अ.मा पनि त्यससम्बन्धी सीप ज्ञानको अभावका कारण स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्यादेखा परेको पाइयो । कक्षाकोठा र विद्यालय अवलोकन गर्दा व्यवस्थापन सम्बन्धी कार्य शैलमिा असन्तुष्ट जाहेर गर्न सकिने ठाउँ पाइयो । भएका स्रोत साधन पनि सहि रूपमा कार्यान्वयन भएका देखिदैनन् । यसर्थ विद्यालय वरीपरि पाइने स्थानिय शैक्षिक सामग्रीलाई सहि ढंगले उपयोग गर्न नसक्दा समस्या देखिएको स्वयम् शिक्षकले स्वीकार गरेका थिए ।

### ४.२.४ शिक्षकमा पाठ्यक्रमसम्बन्धी ज्ञानको अभाव

पाठ्यक्रम त्यस्तो साधन हो जसले विषयवस्तुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न निर्माण गरिएको पूर्वयोजना हो । जसको माध्यमबाट प्रभावकारी शिक्षण सिकाइमा गती प्रदान हुन्छ । वास्तवमै पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको शिक्षकले उक्त पाठ्यक्रम कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा सिपालु र जिम्मेवारीपूर्ण हुनुपर्दछ । पाठ्यक्रम सम्बन्धी समस्याका कारण स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या रहेका छन् भनि गरिएको प्रश्नमा पाठ्यक्रमवारे शिक्षक प्र.अ. ले दिएको प्रतिक्रियालाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.९**

**शिक्षकमा पाठ्यक्रमसम्बन्धी ज्ञानको अभाव**

| विवरण | शिक्षण | संख्या |
|---|---|---|
| पाठ्यक्रम अनुसार शैक्षिक सामग्री प्रयोग गर्नुभएको छ । | छैन | ३ |
| पाठ्यक्रमबारे सबै कुरा वुभ्mनु भएको छ । | छैन | ३ |
| पाठ्यक्रम प्रभावकारी प्रयोग गर्ने सीप सिक्नु भएको छ । | छैन | ४ |
| पाठ्यक्रमको उपलब्धता | छ | ३ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।*

माथि उल्लेखित तालिका अनुसार ४ विद्यालय मध्ये ३ विद्यालयमा पाठ्यक्रमको उपलब्धता भएको १ विद्यालयमा पाठ्यक्रम समेत उपलब्ध नभएको पाइयो, पाठ्यक्रमलाई प्रयोग गर्ने सीप कुनै पनि विद्यालयका शिक्षकमा भएको पाइएन भने पाठ्यक्रमबारे ३ जना शिक्षकले मात्र बुझेको बताएका थिए । यसमा पाठ्यक्रम अनुसार शिक्षण गर्छौ भनेर ३ जना शिक्षकले बताए भने १ जना शिक्षकले पूर्णरूपमा पाठ्यक्रम अनुसार शिक्षण गर्ने बताएका थिए । यसर्थ अवलोकन गर्दा शिक्षकहरूले पाठ्यक्रम उपलब्ध भए पनि त्यसलाई ठाउँ व्यवस्थापन नगरेको पाइयो र कुनै शिक्षकलाई पाठ्यक्रम भनेको के हो भन्ने सन्दर्भमा पनि अनविज्ञता भएको हुनाले स्थानिय शैक्षिक सामग्री प्रयोग गरी शिक्षण सिकाइ गर्न समस्या पैदा भएको पाइयो ।

## ४.३ प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानमा अपनाइएका उपायहरू

निश्चित रूपमा कुनै पनि समस्याको समाधान रहेको हुन्छ । समस्यासँग सँगै समाधान पनि आएको हुन्छ । किनकी बादलभित्र कहिलेकाँही चाँदिको घेरा हुने गर्दछ । जव समस्या पहिचान गरिन्छ ती समस्या समाधान गर्नु पर्ने वास्तविक रूपमा समाधानको उपाय हो । सामाजिक अध्ययन विषयको शिक्षण गर्दा स्थानिय शैक्षिक सामग्री प्रयोगको अवस्थामा देखिएका समस्या समाधान गर्न विद्यालयका प्र.अ., शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यस्ता समस्यामा अपनाइएका समाधानका उपायहरूबारे शिक्षकसँग अन्तर्वार्ता र प्र.अ.सँग खुला

प्रश्नावली प्रयोग गरिएको थियो । जसमा निम्न समस्या समाधानका उपायहरू अपनाइएको पाइयो ।

### ४.३.१ आवश्यक तालिमको अभावमा अपनाएका समाधानका उपायहरू

सामाजिक विषय शिक्षण गर्दा स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या आउनुमा तालिमको अभावको कारण देखिन्छ । यस तहका लागि सेवाकालिन पूर्वसेवाकालिन, पुनर्ताजकी र अन्य विभिन्न तालिम दिनुपर्दछ । यसको अभावको वावजुत शिक्षकसँग भएको पूर्वसेवाकालिन तालिम, पूर्वज्ञान, सीप अनुभव प्रयोग गरेर तालिमको अभावमा आएको समस्या समाधानमा प्रयास गरेको बताएका थिए । त्यस्तै अभिावक प्र.अ.ले समय समयमा सामान्य गोष्ठि कार्यशाला गरी राय सुझाव, निर्देशन र सल्लाह दिइ समस्या समाधानको प्रत्यत्न गरेको पाइयो ।

### ४.३.२ विद्यालयले शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनको समस्यामा अपनाएका समाधानका उपायहरू

व्यवस्थापन सम्बन्धी समस्या समाधानमा के कस्ता उपायहरू अपनाएका छन् भनि प्र.अ. र शिक्षकसँग गरेको प्रश्नमा शिक्षकहरूले आफूसँग भएको ज्ञान, सीपको आधारमा व्यवस्थापनमा देखिएका समस्या समाधानमा कक्षाकोठाको बसाई, मनोविज्ञानका साथसाथै स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने गरेको बताएका थिए । सीमित भए पनि स्थानीय शैक्षिक सामग्री राख्ने ठाउँको व्यवस्था समेत गरेको पाइयो । प्र.अ., अभिभावकहरूले समय समयमा व्यवस्थापन सम्बन्धी सुझाव सल्लाह शिक्षकलाई दिने र नियमित व्यवस्थापन सम्बन्धी निरीक्षण गरी व्यवस्थापनमा सहयोग गरेको पाइयो ।

### ४.३.३ योग्यता र दक्षतासम्बन्धी समस्या समाधानमा अपनाइएका उपायहरू

योग्यता र दक्षताको अभावमा स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधान गर्न के कस्ता समाधानका उपायहरू अपनाइएका छन् भनी गरिएको प्रश्नमा प्र.अ. र शिक्षकबाटआएको प्रतिक्रियामा शिक्षकलाई अन्तरविद्यालय अवालोकन, विषय शिक्षकहरूबीच अन्तर्क्रिया, कक्षा अवलोकन र उत्प्रेरणा दिने गरेको प्र.अ.ले बताएका थिए र समय समयमा स्थानिय शैक्षिक सामग्री सम्बन्धी कार्यशाला गोष्ठीमा भाग लिएको शिक्षकले बताएका थिए त्यस्तै स्रोत व्यक्तिले शिक्षकलाई सल्लाह सुझाव निर्देशन दिई योग्यता र दक्षता वृद्धि गरी स्थानिय शैक्षिक सामग्री प्रयोगमा आएको समस्या समाधान गर्न प्रयत्न गरेको पाइयो ।

### ४.३.४ शिक्षकमा पाठ्यक्रम सम्बन्धी ज्ञानको अभावमा अपनाएका उपायहरू

पाठ्यक्रमको प्रभावकारी ढंगले कार्यान्वयन नहुँदा स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या देखिएका छन् ? त्यस्ता समस्या समाधान गर्न पाठ्यक्रम अनुसार शिक्षण गर्न शिक्षकलाई निर्देशन दिएको प्र.अ. ले बताएका थिए भने शिक्षकहरूले पाठ्यक्रम अनुसार शिक्षण, सिकाइमा स्थानिय, शैक्षिक सामग्री प्रयोगमा आएका समस्या समाधान गर्ने प्रयत्न गर्ने बताएका थिए ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानिय शैक्षिक सामग्री प्रयोग सम्बन्धी धारणा अवस्था प्रयोग सम्बन्धी समस्या र समाधान गर्न अपनाइएका उपायहरू सम्बन्धमा वास्तविकता पहिचान गर्ने उद्देश्यका साथ डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका भित्र अवस्थित ४ वटा सामुहिक विद्यालयको प्राथमिक तह छनोट गरिएको थियो । अनुसन्धान मिश्रीत अनुसन्धान ढाँचा भए पनि विशेषत गुणात्मक अनुसन्धान पद्धतिलाई अङ्गीकार गरिएको थियो । जसको प्राप्ति, निष्कर्ष सुझाव निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अनुसन्धान कार्यमा मुख्यत: ३ ओटा उद्देश्यहरू स्थानीय शैक्षिक सामग्री सम्बन्धमा सरोकारवालको धारणाको लेखाजोखा, प्राथमिक तहको सामाजिक अध्ययन विषय शिक्षण गर्दा स्थानिय शैक्षिक सामग्रीको प्रयोगको अवस्था र स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या र अपनाइएका समाधानका उपायहरूमा केन्द्रित रही सञ्चालन गरिएको थियो । अध्ययन पूर्व साहित्यहरूलाई पनि मध्यनजर गर्दै यो अध्ययन गरिएको थियो । अध्ययन क्षेत्र छनोट गर्दा उद्देश्योन्मुख विधि प्रयोग गरिएको थियो भने नमुना विद्यालयको छनोट सम्भावनायुक्त विधि अन्तर्गत गोलाप्रथाबाट गरिएको थियो । अध्ययनसँग सम्बन्धित तथ्याङ्क संकलन गर्नका लागि ४ वटा सामुदायिक विद्यालयहरूको प्राथमिक तह छनोट गरिएको थियो । सूचनाहरू संकलन गदा शिक्षकलाई अन्तर्वार्ता प्र.अ.लाई खुला प्रश्नावली विद्यार्थीहरूलाई लक्षित समूह छलफल प्रश्नावली र अवलोकन फारम प्रयोग गरिएको थियो ।

### ५.१.१ सरोकारवालाको धारणा

- शिक्षण शिकाइमा अर्थपूर्ण तरिकाले सिकाइ गर्न सहयोग पुऱ्याउने वातावरणमा पाइने सामग्रीहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने धारणा दिए तापनि व्यवहारिक रूपमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग नभएको । अनावश्यक बोझ, झन्झटीलो भएको र यसका लागि प्रभावकारी कार्यक्रम लागु गर्नुपर्ने भन्ने धारणा पाइयो ।
- तालिम गोष्ठि सेमिनारले स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेमा शिक्षण प्रभावकारी हुन्छ भन्ने सैद्धान्तिक ज्ञान दिइए तापनि शिक्षण सिकाइमा त्यस्ता स्थानीय शैक्षिक सामग्रीको प्रयोग नभएको पाइयो ।

### ५.१.२ स्थानिय शैक्षिक सामग्री प्रयोगको अवस्था

- वातावरणमा पाइने प्राकृतिक स्थानिय शैक्षिक सामाग्रीको सामाजिक विषय शिक्षण सिकाइमा प्रभावकारी ढंगले प्रयोग नगरेको पाइयो । वातावरणमा पाइने मानवनिर्मित

स्थानिय शैक्षिक सामाग्री मध्ये सडक, यातायात, स्काउट स्वास्थ्य चौकी बाहेक अन्य सामग्री प्रभावकारी ढंगले प्रयोग नगरेको पाइयो ।

- मानवश्रोतका स्थानीय शैक्षिक सामग्री मध्ये ऐतिहासिक व्यक्तिहरू कृषकहरूलाई स्थानिय शैक्षिक सामग्रीका रूपमा प्रंयोग गरेको पाइयो भने अन्य सामग्रीहरू खासै प्रयोग गरको पाइएन ।
- शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानिय शैक्षिक सामाग्रीहरूमध्ये खासै उल्लेखित रूपमा शैक्षिक सामग्री निर्माण नगरेको र निर्माण भएका पनि खासै प्रयोग नगरेको पाइयो ।

### ५.१.३ स्थानिय शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्यहरू

शिक्षकमा सेवाकालिन पुनतार्जकी स्थानीय शैक्षिक सामाग्री निर्माण र प्रयोगसम्बन्धी तालिमको अभावले स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या भएको पाइयो ।

- शिक्षकमा रहेको विषयवस्तु र स्थानिय शैक्षिक सामग्री निर्माण र प्रयोगमा रहेको योग्यता र दक्षता सम्बन्धी अभावका कारण स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या भएको पाइयो ।
- स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धमा शिक्षक प्र.अ. लाई प्रयाप्त ज्ञान, सीप नहुँदा त्यसको प्रयोगमा समस्या आएको पाइयो ।
- शिक्षण सिकाईलाई प्रभावकारी बनाउन स्थानिय शैक्षिक सामग्रीको प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्दछ तर योजनाबद्ध शिक्षण सिकाइ नहुँदा त्यसको प्रयोगमा समस्या आएको पाइयो ।
- पाठ्यक्रम प्रयोगमा बेवास्ता र अनविज्ञताको कारण स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या देखियो ।

### ५.१.४ स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधानमा अपनाइएका उपायहरू

- तालिम सम्बन्धी अभावका कारण स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधान गर्न पूर्ण सेवाकालिन तालिम प्राप्त शिक्षकलाई शिक्षण पेशामा प्रवेश गराइएको पाइयो । शिक्षकमा रहेको ज्ञान सीपलाई भरपुर रूपमा प्रयोग गर्ने प्रयास गरेको पाइयो ।
- प्र.अ. अभिभावक र श्रोत व्यक्तिहरूले नियमित निरीक्षण र व्यवस्थापनमा सहयोग गरेको पाइयो ।
- योग्यता र दक्षताबाट स्थानिय शैक्षिक सामग्रीको प्रयोगमा देखिएइको समस्या समाधान गर्ने अन्तरविद्यालय भ्रमण, शिक्षण अवलोकन र विषय शिक्षकहरूबीच अन्तरक्रिया गर्ने गरेको पाइयो ।

- योजना सम्बन्धी समस्या समाधान गर्ने मानसिक योजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो ।
- पाठ्यपुस्तकलाई बढी आधार बनाई शिक्षण गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

- स्थानीय शैक्षिक सामग्री सम्बन्धी सरोकारवालाको स्पष्ट धारणा नभएको सामान्य धारणाले स्थानीय शैक्षिक सामग्रीको प्रयोगलाई समेट्न सकेको पाइदैन ।
- प्राथमिक तहको सामाजिक अध्ययन विषय शिक्षण गर्ने स्थानिय शैक्षिक सामग्री महत्त्वपूर्ण भूमिका भए पनि त्यसलाई प्रभावकारी ढंगले प्रयोग गरेको पाइएन । स्थानिय शैक्षिक सामग्री सम्बन्धी शिक्षकमा रहेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा प्रयोग गरिएको पाइदैन ।
- विद्यालयमा रहेको शिक्षकमा तालिमको अभाव, व्यवस्थापन सम्बन्धी ज्ञान सीपको अभाव, शिक्षक योग्य र दक्ष नहुनु जस्ता कारणले स्थानिय शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको देखिन्छ ।
- स्थानिय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानमा अपनाइएका उपायहरूमा शिक्षकमा भएको पूर्वज्ञान सीपलाई अधिकतम प्रयोग गरी समस्या समाधान गर्ने प्रयास गरेको पाइन्छ ।

## ५.३ सुझावहरू

अध्ययनका क्रममा विभिन्न चरणमा प्राप्त भएका सूचनाहरूको विश्लेषण र व्याख्या मध्ये निम्न सुझाव दिन उपयुक्त देखिन्छ ।

- शिक्षकहरूलाई नियमित ढंगले पुनर्ताजगी तालिम र स्थानिय शैक्षिक सामग्री निर्माण प्रयोग सम्बन्धी विशेष तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- स्थानिय शैक्षिक सामग्रीलाई सहि ढंगले व्यवस्थापन, प्र.अ. अभिभावक र श्रोतव्यक्तिको नियमित निरीक्षण सहयोग हुनुपर्ने देखिन्छ ।
- स्थानिय शैक्षिक सामग्री निर्माण र विकास गरी प्रयोग गर्न विद्यालयमा नेपाल सरकारले अत्यधिक आर्थिक लगानीमा वृद्धि गर्नुपर्ने देखिन्छ ।
- शिक्षकमा योग्यता र दक्षताको कमीले स्थानिय शैक्षिक सामग्री प्रयोगमा समस्या देखियो त्यसैले शिक्षकलाई योग्यता र दक्षता वृद्धि गर्ने कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने आवश्यक देखिन्छ ।
- स्थानिय शैक्षिक सामग्री प्रयोग सम्बन्धी देखिएको समस्या समाधान गर्ने योजनाबद्ध शिक्षण गर्ने शिक्षकलाई पुरस्कृत र उत्प्रेरित गराउनु पर्ने देखिन्छ ।

## सन्दर्भसूची


आफानास्येभ, भिक्टर (२०६७), दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, बागबजा, काठमाडौं : विविध पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६४), शिक्षाशास्त्र र नेपालमा शिक्षा, बागबजार, काठमाडौं : आशिष पुस्तक भण्डार, ।

खनाल, पेशल (२०६६), शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर काठमाडौं : सनलाईट, पब्लिकेशन, स्टुडेण्टस बुक्स ।

घिमिरे इन्द्रविलास र गिरी, केवानन्द (२०६१), सामाजिक अध्ययन शिक्षण सामग्री, गल्कोपाखा, ठमेल, काठमाडौं : किसोर अपसेट ।

ठाकुर, इन्द्रदेव (२०५३), सामाजिक अध्ययन र शिक्षण, भोटाहिटी, काठमाडौं : रत्न पुस्तक भण्डार ।

तामाङ, यम बहादुर (२०६५), प्राथमिक तहमा सामाजिक अधययन विषयको शैक्षणिक आवश्यकताको पहिचान, (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

पौडेल, बनीता (२०६५), प्राथमिक विद्यालयका शिक्षकको पेशागत स्थिति एक अध्ययन, (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

सेरिड (२०५९), विकासको निम्ति शिक्षा (शैक्षिक सामग्री र शिक्षा), त्रि.वि., काठमाडौं : सेरिड ।

सेरिड (२०३३), शैक्षिक सामग्री र शिक्षा, त्रि.वि. काठमाडौं, सेरिड ।

सिलवाल, प्रकाश (२०६७), अन्नपूर्ण शिक्षा, चैत्र, वर्ष, अंक......, शिक्षा साप्ताहिक, काठमाडौं : अन्नपूर्ण पोष्ट ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६४), कक्षाकोठामा मनोविज्ञान, भोटाहिटी काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, ।

शर्मा, चिरन्जीवी र शर्मा, निरौला (२०६६), शिक्षाको समाजशास्त्री दर्शनशास्त्रीय आधार, भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शिक्षा मन्त्रालय (२०५७), शिक्षक सेवा आयोग नियमावली, (पाँचौ संसोधन), २०६७, केशरमहल काठमाडौं : शिक्षामन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०६६), मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला कक्षा ५, सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५५), प्राथमिक शिक्षक तालिम, शिक्षक स्वअध्ययन सामग्री, सामाजिक अध्ययन शिक्षण, सानोठिमी भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दतिको योजना, केशर महल काठमाडौं : शिक्षा तथा खेलकूद मन्त्रालय ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०४९), राष्ट्रिय शिक्षा आयोग, केशर महल काठमाडौं : शिक्षा तथा खेलकूद मन्त्रालय ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५७), प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, श्रीकृष्ण (२०६२), वृहत सामान्य ज्ञान, रामशाहपथ काठमाडौं : 'M' हाउस पैरवी प्रकाशन ।

Aggrawal R.N., System of Psychology and Learning Theories. Laxmi Narayan Agrawal, Agra.

Horlock, E.B. (1997), Child Development Six Edition, New Delhi: Tata McGraw, Hill Publishing Co. Ltd.

Kochhar, S.K., Methods and Techniques of Learning., New Delhi : Sterling Publishing Privat Limited.

## अनुसूची-१
## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

**शिक्षकको नाम :** **मिति :**

**विद्यालयको नाम :**

**स्थानीय शैक्षिक सामग्रीका बारेमा शिक्षकको धारणा बुझ्न तयार गरिएका अन्तर्वार्ता प्रश्नावली**

१. विषयवस्तुको धारणा विद्यार्थीलाई स्पष्ट पार्न आवश्यक पर्ने तत्त्वहरू के के हुन् ?

२. सामाजिक अध्ययन विषयको शिक्षणमा आवश्यक पर्ने सामग्रीहरू के के हुन् ?

३. कस्ता सामग्रीहरूलाई स्थानीय शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्दै आउनु भएको छ ?

४. सामाजिक विषयका विषयवस्तुहरूलाई स्पष्ट पार्न के कस्ता प्रयासहरू प्रयोग गर्दै आउनु भएको छ ?

५. तपाईको विचारमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग शिक्षण सिकाइका लागि कस्तो छ ?

**स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था**

६. सामाजिक अध्ययन विषयको विषयवस्तुलाई स्पष्ट पार्न कस्ता-कस्ता विषयवस्तुलाई स्पष्ट पार्न कस्ता कस्ता किसिमका शैक्षिक सामग्रीहरू प्रयोग गर्दै आउनु भएको छ ?

७. सामाजिक विषयका कुन कुन विषयवस्तुमा कस्ता कस्ता प्रकारका सामग्रीहरू प्रयोग गर्नुभयो ?

८. वातावरणमा पाइन प्राकृतिक शैक्षिक सामग्रीहरू प्रयोग गर्नुभएको छ ?

९. वातावरणमा पाइने मानव निर्मित शैक्षिक सामग्रीहरूलाई शिक्षण सिकाइमा कसरी प्रयोग गर्दै आउनु भएको छ ?

१०. सामाजिक अध्ययन विषयमा मानवीय श्रोतका सामग्रीहरूलाई तपाईको शिक्षणमा कसरी प्रयोगमा ल्याउनु भएको छ ?

११. तपाई र विद्यार्थीहरू मिलेर कुनै स्थानीय शैक्षिक सामग्रीहरू बनाएर प्रयोगमा ल्याउनु भएको छ ? छ भने के के हुन् ?

**स्थानीय शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्याहरू**

१२. सामाजिक विषयमा स्थानीय शैक्षिक सामग्रीलाई शिक्षण सिकाइमा आवश्यकता अनुसार प्रयोगमा ल्याउनु भएको छ ?

१३. सामाजिक विकास शिक्षणमा चाहिने स्थानीय शैक्षिक सामग्री प्रयोग गर्दा के कस्ता समस्याहरू देखापरेका छन् ?

१४. पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समस्या छ ?

१५. योग्यता दक्षता सम्बन्धी समस्या छ ?

१६. आवश्यक तालिमको अभाव छ ?

**स्थानीय सामग्री प्रयोगमा देखिएको समस्या समाधान गर्न अपनाइएका उपायहरू**

१७. स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा विषयवस्तु अनुसारका सामग्री शिक्षणमा प्रयोग नहुँदा के के उपायहरू अपनाउनु भयो ?

१८. स्थानीय स्तरमा भएका सामग्रीहरूलाई कसरीप्रयोगमा ल्याउनु भयो ?

१९. पाठ्यक्रमको सहयोग लिएर विषयवस्तुको बारेमा राम्ररी बुझेर मात्र स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्नु भएको छ ?

२०. तपाईलाई विषयवस्तुले मागे अनुसारका सबै सामग्रीहरूको व्यवस्थापन गर्ने ज्ञान सीपको कमी त छैन ? छ भने कुन पक्षमा छ ?

२१. साािजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगको बारेमा तपाईको स्पष्ट धारणा के छ ?

[अमूल्य समय खर्चेर सत्य तथ्य सूचना उलब्ध गराइ सहयोग गर्नुभएकोमा धन्यवाद !]

**अनुसूची–२**
**अवलोकन फाराम**

**विद्यालयको नाम :** **मिति :**

**शिक्षकको नाम :** **विद्यार्थी संख्या :**

**विषय :** सामाजिक **समय :**

**कक्षा :** **घण्टी :**

**पाठ :**

कक्षा-५ को सामाजिक अध्ययन विषयको पाठ्यक्रमको विषयवस्तुको विस्तृतीकरणमा समावेश गरिएका विषयवस्तुहरूलाई स्पष्ट पार्न चार प्रकारका स्थानीय शैक्षिक सामग्रीहरूको वर्गीकरण गरी शिक्षण सिकाइका क्रममा व्यवस्थापन संरक्षणमा र प्रयोगको अवस्था सम्बन्धि सूचना संकलन फाराम :

| **क्र.सं.** | **विवरण** | **शिक्षणमा प्रयोग भएको** | | **संरक्षण र व्यवस्थापन भएको** | | **कसरी** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **छ** | **छैन** | **छ** | **छैन** | **नमूना** | **चित्र** | **संकलन गरिएको वस्तुहरू** | **स्थलगत भ्रमण** | **स्रोत व्यक्ति** |
| १ | वातावरणमा पाइने | | | | | | | | | |
| (क) | माटो | | | | | | | | | |
| (ख) | ढुंङ्गा | | | | | | | | | |
| (ग) | चट्टान | | | | | | | | | |
| (घ) | नदि | | | | | | | | | |
| (ङ) | पहाड | | | | | | | | | |
| (च) | उपत्यका | | | | | | | | | |
| (छ) | जंगल | | | | | | | | | |
| (ज) | वनस्पति | | | | | | | | | |
| (झ) | समुद्र | | | | | | | | | |
| (ञ) | गुफा | | | | | | | | | |
| (ट) | तल | | | | | | | | | |
| (ठ) | हावापानी | | | | | | | | | |
| (२) | वातावरणमा पाइने मानवनिर्मित | | | | | | | | | |
| (क) | सरकारी संघसंस्था | | | | | | | | | |
| (अ) | अस्पताल | | | | | | | | | |
| (आ) | हुलाक | | | | | | | | | |
| (इ) | गा.वि.स. ⁄ न.पा. | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| (ई) | सुरक्षा निकाय | | | | | | | | | |
| (ख) | गैरसरकारी संघसंस्था | | | | | | | | | |
| (अ) | क्लवहरू | | | | | | | | | |
| (आ) | सहकारी संस्था | | | | | | | | | |
| (ग) | यातायातका साथधहरू | | | | | | | | | |
| (घ) | धार्मिक स्थानहरू | | | | | | | | | |
| (ङ) | सार्वजनिक पर्वहरू | | | | | | | | | |
| (च) | भेला | | | | | | | | | |
| (छ) | समारोह | | | | | | | | | |
| (३) | मानव स्रोतहरू | | | | | | | | | |
| (क) | राजनीतिज्ञहरू | | | | | | | | | |
| (ख) | कृषकहरू | | | | | | | | | |
| (ग) | विभिन्न पेशाकर्मीहरू | | | | | | | | | |
| (४) | विद्यार्थीनिर्मित सामग्रीहरू | | | | | | | | | |
| (क) | माटाका सामग्रीहरू | | | | | | | | | |
| (ख) | काठका सामग्रीहरू | | | | | | | | | |
| (ग) | बाँसका सामग्रीहरू | | | | | | | | | |
| (घ) | विभिन्न चित्रहरू तथा मूर्तिहरू | | | | | | | | | |
| (ङ) | खेर फालिएकावस्तुहरूबाट बनाइएका सामग्रीहरू | | | | | | | | | |
| (च) | अध्ययन भ्रमणबाट संकलित सामग्रीहरू | | | | | | | | | |
| (छ) | कपडाबाट बनाइएका सामग्रीहरू | | | | | | | | | |
| (ज) | कागजबाट बनाइएका सामग्रीहरू | | | | | | | | | |

## अनुसूची–३

## प्र.अ.का लागि खुल्ला प्रश्नावली

**प्र.अ.को नाम :** **मिति :**

**विद्यालयको नाम :**

तल दिइएका प्रश्नहरूको उरत्तर आफ्नै भाषाशैलीमा स्वतन्त्र रुपमा जवाफ दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछ ।

१. सामाजिक अध्ययन विषयको शिक्षणमा शिक्षकले प्रयोग गर्ने स्थानीय शैक्षिक सामग्रीहरू के के हुन् ?

उत्तर : ...........................................................................................................

२. स्थानीय शैक्षिक सामग्रीको बारेमा तपाई कसरी व्यवस्था गर्नुहुन्छ ?

उत्तर : ...........................................................................................................

३. सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगका बारेमा सम्बन्धित शिक्षकले तपाइसँग प्रस्तुत गरेका धारणाहरू के के छ्न ?

उत्तर : ...........................................................................................................

४. तपाइले सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकलाई स्थानीय शैक्षिक सामग्री प्रयोग गर्न कुन कुन पक्षमा सहयोग पुऱ्याउनु भएको छ ?

उत्तरः ...........................................................................................................

५. सामाजिक विषयको पाठयक्रमद्वारा निर्दिष्ट विषयवस्तुको धारणा स्पष्ट पार्न शिक्षकहरूले कस्ता किसिमका शैक्षिक सामग्री आवश्यक छ भनि माग राख्नु भएको छ ?

उत्तर : ...........................................................................................................

६. तपाईले कक्षा ५ को सामाजिक विषयको शिक्षण सिकाइ क्रियाकलापको कक्षा अवलोकन गर्दा उक्त शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले प्रयोग गरेका स्थानी शैक्षिक सामग्रहिरू के के थिए ?

उत्तरः ...........................................................................................................

७. प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणका लागि आवश्यक पर्ने स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन र संरक्षण कसरी गर्नुभएको छ ?

उत्तरः ...........................................................................................................

८. सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू के के हुन् ?

उत्तर : ..........................................................................................................

९. सामाजिक विषय शिक्षण गर्ने शिक्षकले स्थानीय शैक्षिक साामग्री प्रयोगका बारेमा के के समस्याहरू दर्शाउनु भएको छ ?

उत्तर : ..........................................................................................................

१०. तपाई एउटा प्र.अ.को हैसियतले सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी के के समस्याहरू देख्नुभएको छ ?

उत्तर : ..........................................................................................................

११. तपाईले सामाजिक अध्ययन विषयका पाठ्यक्रमद्वारा निर्दिष्ट विषयवस्तु अनुसार विभिन्न किसिमका स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकले समस्याहरू दर्साएपछि समाधानका लागि के के उपायहरू अपनाउनु भएको छ ?

उत्तर : ..........................................................................................................

१२. सामाजिक विषय अध्यापन गराउने शिक्षकले कस्ता स्थानीय शैक्षिक सामग्रीका बारेमा समस्याहरू ल्याएका छन् ? र तपाईले उक्त समस्यालाई समाधान गर्ने उपायहरू के के दिनु भएको छ ?

उत्तर : ..........................................................................................................

१३. सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको बारेमा तपाईको धारणा प्रस्तुत गरिदिनु हुन अनुरोध गर्दछ ।

उत्तर : ..........................................................................................................

[अमूल्य समय खर्चेर सत्य तथ्य सूचना उलब्ध गराइ सहयोग गर्नुभएकोमा धन्यवाद !]

## अनुसूची–४

## विद्यार्थीका लागि लक्षित समूह छलफल

**विद्यालयको नाम :** **मिति :**

**कक्षा : ५** **विद्यार्थी संख्या :**

निम्न लिखित विषयक्षेत्रभित्र रहेर लक्षित समूह छलफलमा छानोट भएका विद्यार्थीहरूसँग छलफल गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

**स्थानीय शैक्षिक सामग्रीका वारेमा विद्यार्थीको धारणा**

१. सामाजिक विषय पढाउने शिक्षकले पढाउँदा प्रयोग गर्ने सामग्रीहरू के के छन् ?

२. शैक्षिक सामग्रीका बारेमा विद्यार्थीहरूको धारणा

३. सामाजिक विषयको शिक्षणमा शिक्षकले कस्ता प्रकारका शैक्षिक सामग्रीहरू प्रयोग गर्नुहुन्छ ?

४. सामाजिक विषय सम्बन्धी कुन कुन चित्रहरू बनाउन आउँछ ?

५. सामाजिक विषयका कुन पाठ पढाउँदा कस्ता कस्ता सामग्रीहरू कक्षाकोठामा वा बाहिर प्रयोग सम्बन्धमा छलफल गर्ने ?

६. प्राकृतिक मानवनिर्मित, मानवीय स्रोत र शिक्षक विद्यार्थीको संयुक्र प्रयासमा निर्माण गरिएका सामग्रीका बारेमा छलफल गरी आवश्यक सूचना लिने ।

## अनुसूची–५

## प्र.अ. तथा शिक्षकको नामावली

| सि.न. | विद्यालयको नाम | शिक्षकको नाम | पद |
|---|---|---|---|
| १ | बालमन्दिर प्रा.वि., डोटी | विजय श्रेष्ठ | प्र.अ |
| २ | बालमन्दिर प्रा.वि., डोटी | शीला चन्द | शिक्षक |
| ३ | शैलेश्वरी प्रा.वि., खलङ्गा, डोटी | बीना श्रेष्ठ | प्र.अ |
| ४ | शैलेश्वरी प्रा.वि., खलङ्गा, डोटी | गोमती श्रेष्ठ | शिक्षक |
| ५ | सारदा प्रा.वि. इन्द्रचोक, डोटी | पृथ्वी थापा | प्र.अ |
| ६ | सारदा प्रा.वि. इन्द्रचोक, डोटी | दिव्य श्रेष्ठ | शिक्षक |
| ७ | तेडी प्रा.वि. लेकठाटा, डोटी | योगेन्द्र के.सी. | प्र.अ |
| ८ | तेडी प्रा.वि. लेकठाटा, डोटी | देवी भण्डारी | शिक्षक |

## अनुसूची–६

## विद्यार्थीको नामावली

| विद्यालयको नाम | विद्यार्थीको नाम | विद्यालयको नाम | विद्यार्थीको नाम |
|---|---|---|---|
| बालमन्दिर प्रा.वि., डोटी | ) राम विष्ट<br>) सीता पुन्जेडी<br>) भरत खड्का<br>) गोमती कठायत<br>) सीता श्रेष्ठ<br>) विमला श्रेष्ठ<br>) स्याम श्रेष्ठ<br>) कृष्ण सोप<br>) विनिता श्रेष्ठ<br>) हिरा कठायत | शैलेश्वरी प्रा.वि., खलङ्गा, डोटी | ) विपु सोप<br>) राधा सोप<br>) गोपाल राना<br>) सेरबहादुर मलासी<br>) कमला रायमाझी<br>) विनोद राना<br>) रेश सोप<br>) पुतली मलासी<br>) कृष्णा राना<br>) मदन माझी |
| सारदा प्रा.वि. इन्द्रचोक, डोटी | ) अन्जु श्रेष्ठ<br>) कलावती भण्डारी<br>) सविना विजुच्छे<br>) विपिना सोप<br>) कैसिला के.सी.<br>) गोपाल भण्डारी<br>) बद्री भण्डारी<br>) विक्रम सोप<br>) राजु भण्डारी<br>) चमेली सोप | तेडी प्रा.वि, लेकठाटा डोटी | ) योगेन्द्र भण्डारी<br>) गोमती भण्डारी<br>) केशव भण्डारी<br>) राम मलासी<br>) विरवहादुर भण्डारी<br>) कौंसी भण्डारी<br>) देवी भण्डारी<br>) हिरा कु. भण्डारी<br>) खड्क ब. भण्डारी<br>) कविता मलासी |